जनपक्षीय विचारप्रधान साप्ताहिक

# देशप्रेम

DESHPREM National Weekly

www. deshpremweekly .com

देशप्रेम प्रकाशन प्रालिद्वारा प्रकाशित

वर्ष २७ अंक २६ २०८२ कार्तिक ९ गते आइतबार (Oct. 26, 2025 ) जि.प्र.का.का.द.नं. १८७/०५६/५७ मूल्य रू. १० ।

### यसैसाता कि सर्बदलीय सरकार कि प्रधानमन्त्रिको राजीनामा

# देशको सत्ता राजनीति निर्णायक मोढ तिर

काठमाडौं । प्रधानमन्त्रि सुशिला कार्कीले संभवत आगामी १२ गते अगाबै मौजुदा मन्त्रिपरिषदमा पुनरगठन र बिस्तारको तयारी गर्नुभएको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ। उहाँलाई नेकां र एमालेलगायतका प्रमुख दलहरुलाई प्रमुख मन्त्रालय दिन दबाव बढेको समाचार सूत्रहरुले उल्लेख गरेका छन्। सहमतिका आधारमा आगामी निर्वाचनमा जाने होभने नेकां र एमालेलाई बिघटित संसदको प्रतिशतका आधारमा गृह, अर्थ, सूचना तथा सञ्चार र रक्षालगायतका मन्त्रालय दिएर बर्तमान मन्त्रि परिषदलाई सर्बदलीय तथा सर्बपक्षीय बनाइनुपर्ने प्रस्ताव गरिएको छ। भनिन्छ दलहरुको प्रस्तावमा प्रधानमन्त्रि सुशिला कार्कीसमेत सहमत भैसक्नु भएको छ। सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदिश खरेलले राजनीतिक दलहरुबीचको सम्वादले



निर्वाचनको माहोल बनेको बताउँदै सरकार बिस्तार हुनलागेको बताउने गर्नुभएको छ। गत चारगते प्रधानमन्त्रि निवास बालुवाटारमा भएको सर्बदलीय छलफलपछि पत्रकारहरुलाई जानकारीदिँदै उहाँले उपरोक्त कुरा बताउनु भएको हो। प्रधानमन्त्री निवास बालुवाटारमा करिब पाँचघण्टा चलेको बैठकमा निर्वाचनको वातावरण बनाएर निर्धारित समयभित्रै निर्वाचन सम्पन्न गर्नेगरी सरकार र राजनीतिक दलहरुबीच सकारात्मक छलफल भएको भनिएको थियो। मन्त्रि खरेलले निर्वाचनको माहोल बनाउन राजनीतिक दल र सबै सरोकारवाला पक्ष उत्तिकै जिम्मेवार भएर प्रस्तुत भएको टिप्पणी पनि गर्नुभएको थियो। उक्त बैठकमा प्रधानमन्त्री सुशीला कार्कीले तोकिएकै समयमा भयरहित वातावरणमा चुनाव गराउन सरकार प्रतिबद्ध रहेको बताउनुभएको थियो। उपरोक्त छलफलमा नेपाली कांग्रेसबाट गगनकुमार थापा र डा प्रकाशशरण महत, एमालेबाट शंकर पोखरेल र प्रदीपकुमार ज्ञवाली, माओवादी केन्द्रबाट बर्षमान पुन र पम्फा भुसाल, राष्ट्रिय स्वतन्त्र पार्टीबाट स्वर्णिम वाग्ले र सोबिता गौतम, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट राजेन्द्र गुरुङ र मोहन श्रेष्ठ, जनता समाजवादी पार्टी नेपालबाट उपेन्द्र यादव र प्रकाश अधिकारी, एकीकृत समाजवादीबाट राजेन्द्र पाण्डे र प्रकाश ज्वालालगायत सहभागी हुन हुन्थ्यो। प्रधानमन्त्रि र प्रमुख दलहरुका नेताहरुकाबीचमा सहमतिको वातावरण बन्दैगएको **बाँकी ८ पेजमा**

## सरकारप्रति जेनजीका अगुवा पनि असन्तुष्ठ

काठमाडौं। बर्तमान सरकारप्रति जेनजीका अगुवा पनि असन्तुष्ठ देखिएका छन्। गतसाता काठमाडौंमा आयोजित एक पत्रकार सम्मेलनमा बर्तमान सरकारको कटु आलोचना गरिएको थियो। उनीहरुले शहीदहरुको सम्झनामा माइतिघरमा भाइटीकाको दिन सामुहिकरुपमा सरकारलाई खबरदारीसमेत गरेका थिए। पत्रकार सम्मेलनमा शहीद परिवारका कमल सुवेदीले भाइटिकाका दिन फेरी संघर्षको उद्घोषगर्ने बताउनु भएको थियो। जेन्जी शदिक्षा राईले अबको समयभनेको जेनजीहरुको भएको र सबै युवायुवतीहरु विभाजितभन्दा एकभएर देश बनाउन जुट्नुपर्नेमा जोड दिनुभएको थियो। जेनजी अञ्जु राईले सम्पूर्ण जेनजीहरु एकभएर एकताको सन्देश दिएर देशलाई नयाँ दिशामा लग्नुपर्ने धारणा राख्नुभएको थियो। घाइते भूपेन्द्र खड्काले आफू जेनजी आन्दोलनकाक्रममा झापाको दमक नगरपालिका अगाडी २७ वटा छर्रा लागेको र सो छर्राहरु बोकेर सरकारलाई खबरदारीगर्न काठमाडौं आएको बताउनु भएको थियो। **बाँकी ८ पेजमा**

## प्रतिनिधिसभा विघटनविरुद्ध ब्यापक तयारी

काठमाडौं। प्रतिनिधिसभा विघटनविरुद्ध कानून ब्यवसायीहरुले ब्यापक तयारी गरेको थाहाभएको छ। यसैक्रममा प्रतिनिधिसभा विघटनविरुद्ध सर्वोच्च अदालतमा गतसाता थप पाँचवटा रिट दर्ताभएका छन्। यसअघि नै ११ वटा रिट निवेदन दर्ता भएका थिए। आगामी १२ गते सुनुवाइका लागि पेशी समेत तोकि सकिएको छ। सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाकाअनुसार प्रधानमन्त्रीको नियुक्ति बदर, संसद विघटनको निर्णय बदर तथा संसद पुनःस्थापना समेतमा उत्प्रेषण, परमादेश आदेशको मागगर्दै १६ रिट निवेदन दर्ता भएपछि सो प्रकरणले प्रमुखता पाएको छ। उक्त रिट निवेदनहरुमाथि संवैधानिक इजलास सुनुवाइ **बाँकी ८ पेजमा**

## नर्सहरु देशब्यापि आनदोलनको तयारीमा

काठमाडौं, ६ कातिक। नर्सहरुको आन्दोलन थप चर्किने अवस्था तिर अगाडि बढेको थाहाभएको छ। यसैक्रममा नेपाल नर्सिङ संघले बर्तमान सरकारले तोकिएको पारिश्रमिक कार्यान्वयनमासमेत उदानिता देखाउन थालेको जनाएको छ। संघले एक विज्ञप्ति जारीगरी गत असोज २४ गते वर्तमान अन्तरिम सरकारले न्यूनतम तलब सुविधा कार्यान्वयनगर्न पुनःदिर्देशन दिएपनि अस्पतालहरुले बेवास्ता गरेकोभन्दै कार्यान्वयनको माग गरेको हो। संघकाअनुसार नेपाल सरकारले ०८१ साल मंसिर २७ गते निर्धारण गरेको न्यूनतम तलब तथा सुविधा समेत हालसम्म पनि धेरैजसो स्वास्थ्य संस्थाले लागूगरेका छैनन्। स्वास्थ्य क्षेत्रमा पाँचौं तहको तलबमान ३४ हजारसम्म भएपनि आफूहरुले १५ हजार तलबमा **बाँकी ८ पेजमा**

## जेनजीभन्दै धम्क्याउनेहरु गिरफ्तार

काठमाडौं। काठमाडौंलगायत देशका बिभिन्न स्थानबाट जेनजीको नाममा धम्कीदिँदै हिँडेको आरोपमा अर्जुन शाहीसमेतका कतिपय ब्यक्तिहरु पक्राउ परेका छन्भने विवेकानन्द गुप्तालगायतका कतिपय कुटिएका छन्। भनिन्छ अर्जुन शाही प्रधानमन्त्री सुशीला कार्कीको बालुवाटारमा भएको शपथ ग्रहण समारोहमासमेत सहभागी थिए। जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख रमेश थापाका अनुसार शाहीको साथबाट प्रहरीको परिचयपत्रसमेत भेटिएको छ। प्रहरीकाअनुसार उनको साथमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कार्यरत प्रहरी सहायक निरीक्षकको परिचयपत्र भेटिएको हो। परिचयपत्रमा कुमार शर्माको नाम उल्लेख छ। उनी आयोगमा कार्यरत प्रहरी हुन्, तर केही समयअघि उनको परिचयपत्र पत्र हराएको थियो। उनको गतिविधिलाई लिएर गुनासो आएपछि अनुसन्धानका लागिभन्दै जिल्ला प्रहरी परिसर, काठमाडौंले शाहीलाई पक्राउ गरेको थियो। जेनजी आन्दोलनपछि ज्ञापनपत्र बुझाउने **बाँकी ८ पेजमा**

## साम्राज्यवादविरोधी मोर्चाको घोषणा हुँदै

काठमाडौं। बिभिन्न कम्युनिष्ट पार्टीहरु सम्मिलित साम्राज्यवाद विरोधी मोर्चाको घोषणा हुनलागेको थाहाभएको छ। जसमा लोकनारायण सुवेदी संयोजक रहेको नेपाल कम्युनिष्ट पार्टी र क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपाल लगायतका १६ वटा समूहहरु आबद्ध रहेको बताइएको छ। सो मोर्चाले नेपालमा बढ्दो विदेशी हस्तक्षेपका बिरुद्ध चरणबद्ध कार्यक्रमगर्ने भनिएको छ। जसका लागि हिजो शनिबार पनि बैठक बसेको थियो। यसैक्रममा क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालको गतसाता सम्पन्न केन्द्रीय समितिको तेश्रो पूर्ण बैठकले पनि साम्राज्यवाद बिरोधी आनदोलनलाई अगाडि बढाउने निर्णय गरेको थियो। सो बैठकले लिएका महत्वपूर्ण निर्णयहरु पार्टी महासचिव सीपी गजुरेलले प्रेस विज्ञप्तिमार्फत् सार्वजनिक गर्नुभएको थियो। यसअघि पनि नेकपा मसाल लगायतका बिभिन्न कम्युनिष्ट पार्टीहरुले नेपालमा बढ्दै गएको विदेशी हस्तक्षेपका बिरुद्ध आनदोलन गर्नका लागि मोर्चा बनाउने प्रयास गरेका थिए। नयाँ मोर्चामा एमसीसी बिरोध कम्युनिष्ट पार्टीहरुलाई मात्र समाबेश गरिने बताइएको छ।

## नेपालका कम्युनिष्ट पार्टीहरु गंभिर अवस्थामा

काठमाडौं। नेपालका कम्युनिष्ट पार्टीहरु गंभिर अवस्थामा पुगेको बताउन थालिएको छ। यसैक्रममा नेकपाका महासचिव नेत्रबिक्रम चन्दले पहिलेको जसरी कम्युनिष्ट आन्दोलन अब अगाडि बढ्न नसक्ने बताउनु भएको छ। सो पार्टीको गतसाता भएको तेश्रो विशेष बैठकका १७ बुँदे निर्णय पनि सार्वजनिक गरेको छ। कपिलबस्तुको शिवगढीमा गत असोज २६ देखि ३० गतेसम्म बसेको तेश्रो विशेष बैठकका निर्णयहरु काठमाडौंमा एक पत्रकार सम्मेलनगरी गत साता सार्वजनिक गरिएको हो। त्यसक्रममा पार्टीका महासचिव नेत्रविक्रम चन्दद्वारा जारी विज्ञप्ति पार्टीका प्रवक्ता खडक विश्वकर्माले सार्वजनिक गर्नुभएको थियो। सो पार्टीले ५०० र एक हजार दरका नोट खारेजगर्न माग पनि गरेको छ। समिति बैठकका निर्णयहरुमा भ्रष्टाचार रोक्न ती दरका नोट खारेजगरी नयाँ दरका नोट छाप्नुपर्ने सो पार्टीले माग गरेको छ। त्यसैगरी सो पार्टीले कृषि उत्पादन बढाउँदै एकीकृत स्वामित्व अन्तर्गत एउटा उद्योग **बाँकी ८ पेजमा**

## नेपालमा स्क्रब टाइफसका बिरामी बढे

काठमाडौं। नेपालमा स्क्रब टाइफसका बिरामीहरु बढ्दै गएको थाहा भएको छ। प्राप्त समाचारअनुसार मनसुन निष्क्रिय भएसँगै नवलपरासी जिल्लामा स्क्रब टाइफसका बिरामी बढेको पाइएको छ। प्रदेश जनस्वास्थ्य कार्यालय नवलपरासी (बर्दघाट-सुस्तापूर्व)ले दिएको जानकारीअनुसार सो रोगबाट हालसम्म ४४ जना संक्रमित भएको पाइएको छ। सो कार्यालयका सूचना अधिकारी जनस्वास्थ्य अधिकृत छविलाल सुवेदीकाअनुसार सो रोगबाट गत असोजमा १७ जनामात्रै संक्रमित भएका थिए। हाल स्क्रब टाइफसबाट संक्रमितको संख्या २७ पुगेको छ। संक्रमितमध्ये हालसम्म ३८ जना निको भइसकेकाभन्दै सूचना अधिकारी सुवेदीले छजना बिरामी अस्पतालमा उपचाररत रहेको जानकारी दिनुभएको छ। जिल्लामा डेंगुको संक्रमण न्यून भएपनि स्क्रब टाइफस एक्कासि बढ्दैगएको बताउँदै सुवेदीले सो रोगबारे सावधानी अपनाउनुपर्ने बताउनुभएको छ। स्क्रब टाइफसका लक्षण डेंगुसँग मिल्दो जुल्दो भएपनि यो रोग मानव स्वास्थ्यका लागि डेंगुभन्दा ३० गुणा बढी घातक भएको उहाँले बताउनुभएको छ। सो रोग **बाँकी ८ पेजमा**

## नेकपा बहुमतमा बिद्रोह जारी, बिभाजन हुने

काठमाडौं। धर्मेन्द्र वास्तोलाले नेतृत्व गरेको नेकपा (बहुमत) फेरी बिभाजनको संघारमा पुगेको थाहाभएको छ। यसैक्रममा सो पार्टीका १६ जना नेताले पार्टी छाडेको घोषणा गरेका छन्। संयुक्त विज्ञप्ति जारीगर्दै पोलिटब्युरो सदस्य पलबहादुर रावत,पूर्ण रसाइली, हरिस दयाल, किरण जोशी,सुरेन्द्र कार्कीसहित केन्द्रीय सदस्यहरु माधव घिमिरे,दर्शन नेपाली,हरि



श्रेष्ठ, शरद रसाइली,बद्री अधिकारी, आशिष चौधरी, रेखा चौहान,अर्जुन मण्डल,राजीव तामाङ, पार्वती सिंह र नेत्र रानाभाटले पार्टी छाडेको घोषणा गरेका हुन्। उनीहरुले नयाँ अभियान शुरुगर्ने घोषणागर्दै श्रमजीवी जनताको भरोषायोग्य कम्युनिष्ट आन्दोलनमा सामेल हुन पार्टीका अन्य नेता तथा कार्यकर्ताहरुलाई आह्वान पनि गरेका छन्। उनीहरुले सबै कम्युनिष्ट पार्टीहरुभित्र रुपान्तरण र **बाँकी ८ पेजमा**

## पार्टी एकताका लागि पुष्पकमल मुख्य बाधक

काठमाडौं। माओवादी केन्द्रले एकातिर पार्टीको नामबाट माओवादी केन्द्र र सिद्धान्तबाट माओवाद हटाउन सहमति जनाइसकेको छभने अर्कातिर सो पार्टीको नेतृत्वमा पुष्पकमल दाहाल रहेसम्म पार्टी एकता नहुने अवस्था सिर्जना भएको बताउन थालिएको छ। दाहालको रबैयाका कारण यसअघि माओवादी केन्द्रसँग पार्टी एकता गरेका नेकपा(संयुक्त) लगायतका समूहहरु सो पार्टीबाट बाहिर निस्किएका छन्। पार्टी एकताबारे बिभिन्न पार्टीहरुसँग पटक, पटक छलफल भएपनि कुनै पनि दलसँग एकता गर्नेलगायतका विषयमा अन्तिम निर्णय र टुंगो लाग्न नसकेको बताइएको छ। माओवादी केन्द्रका संयोजक पुष्पकमल दाहालको सचिवालयले पार्टी एकताका लागि बिभिन्न पक्षसँग छलफल भइरहे पनि

**समाचार विश्लेषण**

एकताबारे कुनैपनि विषय टुंगो नलागेकाले सामाजिक सञ्जाल तथा केही सञ्चारमाध्यममार्फत भएको प्रचारमा सत्यता नरहेको स्पष्ट गर्दछौं भनेको छ। सचिवालयले विज्ञप्ति जारीगरी पार्टीको केन्द्रीय समिति बैठकले गरेको निर्णय र आवश्यकताबमोजिम समाजवादी मोर्चामा आबद्ध राजनीतिक दल तथा अन्य वामपन्थी एवं प्रगतिशील समूहहरुबीच नेपाली समाजवादी क्रान्तिको कार्यभार पूरागर्न एकता तथा संयुक्त मोर्चा निर्माणका लागि वैचारिक तथा सांगठनिक विषयहरुमा घनिभूत छलफल जारीरहेको जनाएको छ। माओवादी केन्द्रसँग पार्टी एकताको हल्ला चलाइएको नेत्रबिक्रम चन्द नेतृत्वको नेकपाको हालै सम्पन्न केन्द्रिय समितिको बैठकले तत्काल पार्टी एकता नगर्ने औपचारिक निर्णय गरेको छभने माधव नेपाल नेतृत्वको एकीकृत समाजवादीमा माओवादी केन्द्रसँग पार्टी एकतागर्ने बिषयलाई लिएर आन्तरिक कलह चर्केर पार्टीनै तीनचिरा हुने अवस्था सिर्जना भएपछि आगामी १२ गतेका लागि बैठक बोलाइएको छ। सो पार्टीले पनि माओवादी केन्द्रसँग पार्टी एकता **बाँकी ८ पेजमा**

## नेपाली कांग्रेसलाई बिभाजन गराउने कसरत

काठमाडौं। नेपाली कांग्रेसलाई बिभाजित गराउन केही नेताहरुले कसरत गरिरहेको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ। सो पार्टीको संस्थापन इतरका नेता मानिनुहुने डा. शेखर कोइरालाले समेत पछिल्ला कतिपय कार्यक्रमहरुमा [redacted] र सतर्क हुन अन्य नेता तथा कार्यकर्ताहरुलाई आग्रहगर्ने गर्नुभएको छ। भनिन्छ पार्टीका सभापति शेरबहादुर देउवा बिरुद्ध सो पार्टीका महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगनकुमार थापाले अभियान सञ्चालन गर्नुभएको छ। आन्तरिक कलह बढेपछि केन्द्रीय कार्यसमितिको बैठक आगामी १३ गतेसम्मका लागि स्थगित भएको छ। कांग्रेसका पूर्वकेन्द्रीय सदस्य, पूर्वमन्त्री, नेपाल बिद्यार्थी संघका संस्थापक केन्द्रीय सदस्य एवं कांग्रेस बाराका पूर्वसभापति ऋषिकेश गौतमको निधनका कारण बैठक स्थगित गरिएको भनेपनि खास कारण अन्तरिक कलह रहेको बताइन्छ। यसैक्रममा कांग्रेसका महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगनकुमार थापाले निर्वाचन आयोगले जारीगरेको सूचना दृष्टिगतगर्दै यही कात्तिक मसान्तभित्र मतदाता नामावली दर्तागर्ने प्रक्रियामा व्यापक सक्रियता बढाउन अपिल गर्नुभएको छ। आगामी फागुन २१ गते हुने निर्वाचनबारे विशेष ध्यानाकर्षण भएको जनाउँदै उहाँहरुले छठपर्वलगत्तै पार्टीका प्रदेश कार्यसमितिका पदाधिकारी र सदस्य [redacted] फरक,फरक जिल्लामा [redacted] मतदाता दर्ता अभिय[redacted] गर्न/गराउन अपिल ग[redacted] उहाँहरुले संयुक्तरुपमा वि[redacted] जारीगरी जिल्ला कार्यसमिति र मातहतका सबैतहलाई तत्काल अन्य कार्य थाँती राखेर मतदाता दर्ता अभियानमा लाग्न निर्देशनगर्दै प्रदेश संसदीय दलमा रहनुभएका सबै साथीलाई आआफ्नो क्षेत्रमा बसेर मतदाता दर्ता अभियान व्यापक बनाउन निर्देशन र परिचालनगर्न अपिल गर्नुभएको हो। जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोगले तोकेको मतदाता **बाँकी ८ पेजमा**

## सबैको...

सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले समयमा चुनाव गराएर सत्ता हस्तान्तरण गर्नुपर्ने भनेका छन् । लामो समयसम्म अन्तरिम सरकार सत्तामा बस्दा मुलुक थप अस्थिरता र संकटतर्फ जानसक्ने खतरा बढ्छ भन्ने उनीहरुको भनाई रहेको छ । उनीहरुले पुराना र नयाँ दुवै खालका राजनीतिक दलका तेश्रो पुस्ताका नेताहरुसँग संवादमा रहेको जनाउदै राजनीतिक संकटलाई सुरक्षित अवतरण गराउन निर्वाचनमा जोड दिएको बताएका छन् । अधिकांश जेनजी अभियन्ताहरु ०७२ को संविधानमा चलखेल होलाकि भन्ने चिन्तामा रहेको बताइन्छ । संविधानमा आवश्यक संशोधन संसदबाट बनेको दुईतिहाइको सरकारले मात्रगर्न सक्छ । संशोधनको यो विधिनै वैधानिक हुन्छ । जेनजी अभियन्ताहरुलेभने संविधानलाई कमजोर पार्ने तत्वहरु सक्रिय छन् । त्यसैले त्यस्ता शक्तिहरुसँग सचेत रहँदै सबैलाई आगामी चुनावमा लाग्न अपिल गरेका छन् । यसरी गत भदौ २३ र २४ मा बिध्वंश मच्चाउनेहरुमाथिको कारवाही र प्रमुख संसदवादी दलहरुको प्रत्यक्ष संलग्नता बिना आगामी फागुन २१ गते निर्वाचन हुननसक्ने अवस्था देखिएको छ । उक्त दुबै कार्य बर्तमान सरकारले गराउन नसक्ने भएकाले सरकार परिवर्तन पनि अनिवार्य बन्दैगएको देखिएको छ ।

## देशको..

देखिएपछि बिघटित संसदमा रहेका साना दल र गत भदौ २३ र २४ गते आन्दोलन गरेको बताउने बिभिन्न समूहहरुले प्रधानमन्त्रि सुशीला कार्की आफ्नो नेतृत्वको सरकारको आयु लम्ब्याउने खेलमा लागेकोभन्दै बिरोध शुरुगरेका छन् । यसैक्रममा पूर्व माओवादी नेता तथा हाल आम जनता पार्टीका अध्यक्ष प्रभु साहले जेनजी आन्दोलनको बलमा बनेको सुशीला कार्की नेतृत्वको सरकार जेनजी आन्दोलनको माग पूरागर्न असफल भएको बताउनु भएको छ । दीपावली, पर्व छठको अवसरमा गतसाता रौतहटको कटहरिया नगरपालिका-५ मा आयोजित शुभकामना आदान-प्रदान कार्यक्रमका बोल्दै प्रमुख अतिथिसमेत रहनुभएका आजपा अध्यक्ष साहले सरकारमा जेनजी वा जेनजी आन्दोलनका शहीद परिवारबाट सरकारमा प्रतिनिधित्व हुनुपर्ने बताउनुभएको थियो । त्यसैगरी आफूलाई जेनजी समूहका ब्यक्ति भएको बताउनेहरुले बर्तमान सरकार आफूहरुले भनेअनुसार नचलेको बताएका छन् । जेनजी युनाइटेड-फर परिवर्तन नामक संस्थाको ब्यानरमा गत शुक्रबार माइतीघर मण्डलामा आयोजना गरिएको खबरदारी सभामा सम्बोधनगर्दै उनीहरुले देशभरको जेनजीलाई एकताबद्ध बनाउन सरकारलेनै पहल गर्नुपर्नेसमेत बताएका थिए । उनीहरुले सरकार जेनजी आन्दोलनको भावनाअनुसार अघिबढ्न नसकेको, सम्पूर्ण जेनजी युवालाई एकताबद्ध बनाउनुको सट्टा बेग्लाबेग्लै समूहमा बिभाजितगर्न भूमिका खेलेकोभन्दै आक्रोश पनि ब्यक्तगरेका थिए । उनीहरुले जेनजी युवालाई एकताबद्ध गराउन सरकारले तत्काल ७७ वटै जिल्लामा जेनजी सम्मेलन आयोजना गर्नुपर्ने पनि बताएका थिए । गत भदौ २३ र २४ गते भएको आन्दोलन र त्यसले उठाएका माग पूरागर्नका लागि सरकारलाई दबाब दिने उद्देश्यले उनीहरुले धर्ना दिएको बताइएको थियो । गत भदौ २३ र २४ मा भएको बिध्वंशको भने हालसम्म कसैले पनि जिम्मा लिएका पनि छैनन र सरकारले पनि खोजीगरेको छैन । दलहरुले गत भदौ २४ गते बिध्वंश मच्चाउनेहरुलाई गिरफ्तार गरेर थुनामा नराखेसम्म आगामी फागुन २१ मा हुने भनिएको निर्वाचन शान्तिपूर्णरुपमा सम्पन्न गराउन नसकिने बताउँदै आएका छन् ।

## सरकारप्रति...

अर्की जेन्जी दिया बोहोराले अन्तरिम सरकारले सुशासन र भ्रष्टाचार मुक्त देश बनाउने मुख्य उद्देश्यसहित संघर्ष गरेकाहरुलाई वेवास्ता गरेकोभन्दै आक्रोश व्यक्त गर्नुभएको थियो । बोहोराले अबको अवस्थामा सम्पूर्ण जेनजीहरु एक नभए देश पछाडि फर्कने निश्चित भएको बताउनु भएको थियो । सो पत्रकार सम्मेलनमा वास्तविक जेनजी र प्रभावित व्यक्ति हरुलाई किनारा लगाइएको छ, हामीहरु प्रधानमन्त्री तथा सरकारी प्रतिनिधिहरुलाई भेट्न त परै जाओस सिंहदरबारभित्र पनि प्रवेशगर्न पाइरहेका छैनौंभन्ने लगायतका गुनाशाहरु पनि ब्यक्त भएका थिए ।

## प्रतिनिधिसभा...

हुनेभएको छ । गत भदौ २४ गते भएको प्रदर्शनकाक्रममा सर्बोच्च अदालतमा आगजनी, ढुंगामुढा, तोडफोड र लुटपाट भएपछि तत्कालका लागि बन्दी प्रत्यक्षीकरणका निवेदन तथा अत्यावश्यक निवेदन दर्ता र सुनुवाइ बाहेकका सबै कामहरु स्थगित गरिएका थिए । गत असोज २८ गतेदेखि रिट निवेदन दर्ता र सुनुवाइ खुलेपछि प्रतिनिधिसभा विघटनविरुद्ध रिट निवेदन दर्ताभएका हुन् । नेकां र एमाले लगायतका बिभिन्न पार्टीकासाथै बिघटित प्रतिनिधि सभाका सभामुखबाट पनि प्रतिनिधि सभा बिघटन बिरुद्ध रिट दायर हुने भनिएकोमा हालसम्म हुन सकेको छैन ।

## नेपालका...

सञ्चालनगर्ने निर्णय गरेको बताइएको छ । विगतदेखिनै पार्टीलाई उत्पादन सँग जोड्दै आएको नेकपाले यसबर्षको बर्खेबाली उत्पादन सोचेभन्दा राम्रो भएको र हिउँदे बाली उत्पादनलाई पनि व्यवस्थितगर्ने निर्णय गरेको थाहाभएको छ । सो पार्टीका महासचिव चन्दले नयाँ कम्युनिष्ट केन्द्र बनाउनेगरी नेकपा माओवादी केन्द्रलगायत घटकहरुसँग छलफल चलिरहेको जानकारी दिनुभएको थियो । उहाँले अब पहिलेको जसरी कम्युनिष्ट आन्दोलन अगाडि बढ्न सक्दैन । नयाँ बहस आवश्यक भएकाले अब माओवादीसँग पनि यही ढंगले छलफल भइरहेको छ भन्नुभएको थियो । सो पार्टीले यसअघि माओवादी केन्द्रसँग पार्टी एकताका लागि वार्तागर्दै आएकोमा अब तत्काल पार्टी एकता नगर्ने भएको छ ।

## नेकपा....

पुनर्गठनको बहस पेचिलो बन्दैगएको भन्दै ढिलो नगरीकन वास्तविक र व्यापक रुपान्तरण र पुनर्गठनको आवश्यकतामा जोडदिएका छन् । उनीहरुले जारीगरेको वक्तव्यमा यही गम्भीरता र जिम्मेवारी वोधलाई मध्यनजरगर्दै विगतदेखि क्रियाशील रहँदै आएको पार्टी नेकपा (बहुमत) बाट तत्काल स्वतन्त्रभई अर्को अभियानको प्रारम्भगर्ने घोषणा गर्दछौं भनिएको छ । उनीहरुले पद प्रतिष्ठा, गुटगत र आर्थिक स्वार्थहरुबाट मुक्त एक उच्च नैतिक आदर्श र मूल्य मान्यतासहितको श्रमजीवी जनताको भरोसा योग्य कम्युनिष्ट आन्दोलनको अभियानमा सामेल हुन आह्वान पनि गरेका छन् । यसअघि पनि सो पार्टबाट बिभिन्न मितिमा बिभिन्न नेताहरु बाहिरिएका समाचारहरु प्राप्त भएका थिए ।

## नर्सहरु.....

काम गर्नुपरेको उनीहरुको भनाई छ । संघले न्यूनतम तलब सुविधा कार्यान्वयनको मागगर्दै देशभरका शिक्षण, सरकारी, निजी तथा सामुदायिक अस्पतालमा कार्यरत नर्स र अन्य स्वास्थ्यकर्मी आन्दोलित भएको पनि जनाएको छ । गत हप्ताबाट बिभिन्न अस्पतालहरुमा कालोपट्टी बाँधेर बिरोध प्रदर्शन शुरुभएको थियो । नेपाल नर्सिङ संघले नै आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको थियो । एक पत्रकार सम्मेलनमा नेपाल नर्सिङ संघकी कन्द्रीय अध्यक्ष चन्द्रकला शर्माले आन्दोलनका कार्यक्रमअनुसार आगामी ११ गतेसम्म देशभरिका सम्पूर्ण अस्पताल तथा स्वास्थ्य शैक्षिक संस्थाहरुमा कालोपट्टी बाँधेर कामगर्ने निर्णय भएको बताउनु भएको थियो । अध्यक्ष शर्माले कात्तिक १२ देखि १८ गतेसम्म दिनको दुईघण्टा बिहान १० देखि १२ बजेसम्म अत्यावश्यक सेवा वाहेकका नर्सिङ सेवा बन्दगर्ने कार्यक्रम रहेको पनि बताउनु भएको छ । त्यसैगरी कात्तिक १८ गतेसम्म मन्त्रालयले गठन गरेको कार्यदलको प्रतिवेदनअनुसार थप कार्य तालिका प्रकाशित गरिने जानकारी दिनुभएको छ । पत्रकार सम्मेलनमा अध्यक्ष शर्माले नेपालमा नर्सलाई श्रम ऐनले तोकेको पारिश्रमिकभन्दा कम तलब दिनु दुःखद भएको बताउनुभएको थियो । उहाँले नर्सहरु श्रम ऐनमा नभई स्वास्थ्य सेवा ऐनअनुसारको पारिश्रमिक हुनुपर्ने दाबि पनि गर्नुभएको थियो । निजी तथा सरकारी स्वास्थ्य संस्थामा कार्यरत नर्सहरुको न्युनतम तलब सुविधा साथै अन्य पेशागत हकहितसम्बन्धी बिभिन्न मागहरु राखेर उक्त मागको कार्यान्वयनका लागि संघले गत बैशाख २५ गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेशगरेको थियो । गत असोज ३१ गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पहलमा पहिलो पटक सरोकारवाला पक्षसँग उक्त मागहरुमा छलफल गरेको थियो । यसैक्रममा सरकारले नर्सिङ स्वास्थ्यकर्मीको पारिश्रमिकसम्बन्धी माग सम्बोधनगर्न समिति गठन गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अतिरिक्त सचिव प्राडा श्रीकृष्ण श्रेष्ठको संयोजकत्वमा १४ सदस्यीय समिति गठन गरिएको बताइएको छ । देशका बिभिन्न निजी अस्पताल तथा मेडिकल कलेजका नर्सहरु उचित पारिश्रमिक नपाएकोभन्दै आन्दोलित छन् । प्रधानमन्त्री सुशीला कार्कीले स्वास्थ्य मन्त्रालयका सचिवसहितको टोलीसँग छलफल गरेर तत्काल समस्याको सम्बोधनगर्न निर्देशन दिनुभएको हो । समितिको पहिलो बैठक बसेर आन्दोलनरत नर्सलाई काममा फर्काउन वातावरण बनाउने प्रयास भइरहेको मन्त्रालयका सचिव डा विकास देवकोटाले जानकारी दिनुभएको छ । डा देवकोटाकाअनुसार समितिले एक हप्ताभित्र प्रारम्भिक प्रतिवेदन दिनुपर्नेछ । तत्काल र दीर्घकालीनरुपमा समस्या समाधानका लागि गर्नुपर्ने कामका विषयमा सुझावसहितको प्रतिवेदन दिनुपर्ने समितिको कार्यादेश छ । समितिमा स्वास्थ्य मन्त्रालयको गुनासो सुनुवाइ एकाइ प्रमुख डा अनुप बाँस्तोला सदस्य हुनुहुन्छ । त्यस्तै चिकित्सा शिक्षा आयोगका निर्देशक, स्वास्थ्य सेवा विभाग नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा प्रमुख, गृह, अर्थ, श्रम, शिक्षा मन्त्रालयका प्रतिनिधि पनि समितिको सदस्यमा हुनुहुन्छ । नेपाल नर्सिङ परिषद्, नेपाल नर्सिङ, नेपाल मेडिकल तथा डेन्टल कलेज एशोसिएसन्स, निजी अस्पतालको छाता संस्था एशोसिएसन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन अफ नेपाल (अफिन), आन्दोलनरत नर्सका प्रतिनिधि पनि समितिमा समावेश छन्भने स्वास्थ्य मन्त्रालयका चिकित्सा सेवा, शिक्षा तथा अनुसन्धान शाखा प्रमुखलाई सदस्य सचिव तोकिएको छ । नर्सहरुको आन्दोलनलाई अन्य कर्मचारी संघ संगठनहरुले पनि समर्थन गरेका छन् ।

## जेनजी..

भन्दै बिभिन्न सरकारी कार्यालयका प्रमुखलाई भेटेर उनले केरकारगर्दै आएका थिए । नागरिक उड्डयन प्राधिकरण, नेपाल वायुसेवा निगमका कर्मचारीले उनको गतिविधिबारे प्रहरी समक्ष गुनासो गरेका थिए । युट्युबरकासाथ कार्यालयहरुमा पुग्ने उनले कर्मचारीको राजीनामा माग्नेगरेका थिए । उनी वैदेशिक ठगी र बैंकिङ कसुरका आरोपीसमेत रहेको प्रहरीले जनाएको छ । उनलाई उपत्यका अपराध अनुसन्धान कार्यालयले गत बैशाखमा कोरिया पठाउँछुभन्दै ठगी गरेको आरोपमा पक्राउ गरेको थियो । प्रहरीले २४ भदौमा भएको विध्वंसमा संलग्न ७६ जनालाई पक्राउ गरेको थाहाभएको छ । जेनजी आन्दोलनपछि उत्पन्न परिस्थितिमा तीन प्रहरीको हत्या, हतियार लुटपाट, तोडफोड र नक्कली हतियार देखाएर आतंक मच्चाउनेहरु प्रहरी हिरासतमा पुगेका हुन् । प्रहरीको हत्यामा संलग्न नौ जनामध्ये चारजना पुर्पक्षका लागि थुनामा पुगेका छन् । आगजनी तोडफोड र आपराधिक उपद्रवमा संलग्न ६३, ज्यानमार्ने उद्योगमा संलग्न एक र अभद्र व्यवहारमा संलग्न तीन जनालाई काठमाडौं प्रहरीले पक्राउ गरेको बताइएको छ । कारागारबाट भागेका केदीबन्दीमध्ये १३२ जनालाई पक्राउ गरिएको थाहाभएको छ । सो अवधिमा हराएका हतियारमध्ये २२ नाल चारवटा ठूलो र १८ वटा सानो बरामद गरिएका छन् । यसैक्रममा गृह मन्त्रालयले गत भदौ २३ र २४ मा भएको जेनजी आन्दोलनका घाइतेहरुको विवरण सार्वजनिक गरेको छ । जसमा दुई हजार ४२९ जनाको विवरण समाबेश छ । बर्तमान सरकारले घाइतेहरुको सरकारले निःशुल्क उपचारगर्ने निर्णय गरेको छ । भदौको आन्दोलनमा ७६ जनाले ज्यान गुमाएका थिए । यसैबीच आफूलाई जेनजी समूहका ब्यक्ति भएको बताउनेहरुले बर्तमान सरकार आफूहरुले भनेअनुसार चल्नुपर्ने बताएका छन् । जेनजी युनाइटेड-फर परिवर्तन नामक संस्थाको ब्यानरमा गत शुक्रबार माइतीघर मण्डलामा आयोजना गरिएको खबरदारी सभामा सम्बोधनगर्दै उनीहरुले देशभरको जेनजीलाई एकताबद्ध बनाउन सरकारलेनै पहल गर्नुपर्नेसमेत बताएका थिए । अर्को एक समाचारअनुसार सर्लाहीको चन्द्रनगर-१ मा वडाध्यक्षको नेतृत्वमा एकजना जेनजीमाथि कुटपिट भएको हो । वडाध्यक्ष रामेश्वरप्रसाद महतो, उनका भतिज मुकेश महतो, अजय महतो, अनिल महतो, सहयोगी राम साह, बिजय महतो र शंकर महतोलगायतको समूहले सोही वडा निवासी किसनपुरका विवेकानन्द गुप्तामाथि सामूहिक आक्रमण गरेका हुन् । वडाध्यक्ष महतो पक्षले गुप्ताको घरनै घेराउगरी कुटपिट गरेको र यस घटनापछि गाउँमा तनावपूर्ण अवस्था सिर्जना भएको बताइन्छ । पछिल्लो समयमा जेनजीका नाममा बिभिन्न नयाँ समूहहरु बनाउनेक्रम बढेको छ ।

## पार्टी....

नगर्ने औपचारिक निर्णय गर्नलागेको सम्बद्ध सूत्रहरुले बताएका छन् । यसअघि माओवादी केन्द्र र एकीकृत समाजवादी सहितका पार्टीहरु एकताको अन्तिम चरणमा पुगेको प्रचार गरिएको थियो । निर्वाचन आयोगले दल दर्ताका लागि आह्वान गरेको अन्तिम मिति आगामी ३० गते अगावै पार्टी एकता सम्बन्धमा टुंगो नलागे आगामी निर्वाचन अघि एकता नहुने अवस्था सिर्जना भएको छ । पार्टी एकता सम्बन्धमा थप निर्णय लिन माओवादी केन्द्रले संभवत आज आइतबार महाधिवेशन आयोजक समितिको सचिवालयको बैठक बोलाउने तयारी गरेको बताइएको छ । अबको एक हप्ताभित्र एकीकृत समाजवादी लगायत दलहरुसँग एकता हुन नसके तत्कालका लागि सो प्रकरण बन्द हुने जानकारहरुको भनाई छ । पहिला पार्टी एकता टुंगो लगाएपछिमात्र एकता महाधिवेशनगर्ने कि विशेष महाधिवेशन गर्ने भन्ने विषयमा छलफल हुने माओवादी केन्द्रका कतिपय नेताहरुको भनाई छ । हालको संक्रमणकालीन अवस्थामा संयोजक वा संरक्षक रहेर एकता घोषणा हुने पनि कतिपयको भनाई छ । कतिपयले पार्टीको नाम नेकपा(समाजवादी) रहनेगरी छलफल भइरहेको बताएका छन् । चन्द नेतृत्वको नेकपाको केन्द्रीय समितिको विशेष बैठकले आफ्नै नेतृत्वमा नयाँ कम्युनिष्ट केन्द्र बनाउने र राजनीतिक दलकै नेतृत्वमा सर्वपक्षीय अन्तरिम सरकार बनाउने निर्णय गरेकाले तत्काल एकता हुने सम्भावना नदेखिएको बताउन थालिएको छ । एकीकृत समाजवादीमा तीब्र बिवाद भएर तीनवटा समूह देखिएपछि ठोस निर्णयगर्न आगामी १२, १३ र १४ गते स्थायी समिति र केन्द्रीय समितिको बैठक बोलाइएको छ । एकीकृत समाजवादीले पार्टीको मार्गदर्शक सिद्धान्त जबज छोड्ने र माओवादी केन्द्रले माओवाद छोडेर मार्क्सवादी लेनिनवादी मात्र राख्नेमा सहमति भइसकेको कतिपयको भनाई छ । माओवादी केन्द्रको पुष्पकमल दाहाल समूहले माओवाद छाडेको खण्डमा सो पार्टी पनि बिभाजन हुने संभावना रहेको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ ।

## नेपाली..

नामावली दर्तास्थल पुगेर कात्तिक ३० गतेसम्म नाम दर्तागर्न सकिने उल्लेखगर्दै उहाँहरुले दर्तागर्न नेपाली नागरिकताको प्रमाणपत्र लग्नुपर्ने तथा नागरिकता नबनाएका युवाहरुको हकमा नागरिकता बनाएर सोही दिननै मतदाता नामावलीमा नाम दर्तागर्न सकिने व्यहोरा सबैलाई स्पष्ट बुझाउन पनि अनुरोध गर्नुभएको छ । अर्कातिर नेपाली कांग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्काले बर्तमान सरकारले आगामी निर्वाचनका लागि उपयुक्त वातावरण बनाउन नसकेको बताउनु भएको छ । गतसाता सुर्खेतमा त्यहाँका पार्टीका पूर्व सभापति गोविन्दबहादुर मल्लको १३ औं पुण्यतिथिमा आयोजित श्रद्धाञ्जलीसभामा उहाँले चुनावका लागि बन्नुपर्ने सबै वातावरण बने पार्टी चुनावमा जान तयार रहेको बताउनुभएको थियो । बर्तमान सरकारलेनै चुनाव गराउने होभने जेनजीले गरेको प्रदर्शनकाक्रममा लुटिएका हतियारहरु फिर्ता, प्रहरी र सुरक्षा निकायको मनोबल बढाउनुपर्नेमा जोडदिँदै उहाँले चुनावमा भागलिने दलहरुलाई विश्वासमालिइ आममतदातामा सुरक्षाको प्रत्याभूति गराउनुपर्ने सुझाव दिनुभएको थियो । कावा सभापति खड्काले सरकार चुनावको वातावरण बनाउन छोडेर पार्टीका नेताहरुमाथि पूर्वाग्रही तरिकाले लाञ्छना लगाउने, भ्रम सिर्जनागर्ने र अन्योललाई बढाउने काममा लागेको आरोप पनि लगाउनुभएको थियो । कावा सभापति खड्काले अनौपचारिकरुपमा राष्ट्रपति रामचन्द्र पौडेलमार्फत प्रधानमन्त्रि सुशीला कार्कीसँग छलफल गर्दैरहनु भएको बताइन्छ । चुनावी सरकारमा जाने भएमा नेपाली कांग्रेसले गृह, रक्षा र अर्थमन्त्रालय लिने तयारी गरेको थाहाभएको छ ।

# अस्पतालको मेशिन बिग्रिएपनि बेवास्ता

काठमाडौं । सिटीस्क्यान मेशिन बिग्रिएपनि बेवास्ता गरिएको आवाज उठेको छ । दाङको तुलसीपुरस्थित राप्ती प्रादेशिक अस्पतालको सिटिस्क्यान मेशिन डेढ वर्षदेखि बिग्रिएर थन्किएको छ । मेशिन बिग्रँदा नसा सम्बन्धी बिरामी र दुर्घटनाका घाइतेलाई जिल्ला बाहिर रेफर गरिँदैआएको छ । प्राविधिकले मर्मतगर्न नसक्ने जनाएपछि थन्किएको अस्पताल विकास समितिका अध्यक्ष पदमप्रसाद न्यौपानेले बताउनुभयो । सो मेशिन मर्मत गर्नुपर्ने निकाय स्वास्थ्य मन्त्रालय प्रदेश आपूर्ति व्यवस्थापन केन्द्रले मर्मतगर्न नसक्ने जनाएको अध्यक्ष न्यौपानेको भनाइ छ । ६४-स्लाइसको मेशिन भएकाले यो मेशिन मापदण्डअनुसार नरहेको उहाँले बताउनुभएको छ । पछिल्ला दिनमा देशभरका अस्पतालहरुमा काममा लापरवाही बढेको भन्दै गुनाशाहरु बढेका छन् । ।

खानपान र जीवनशैली परिवर्तन गरौं, स्वस्थ रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

डा.केशव देवकोटा
प्रधान सम्पादक
E-mail: krdevkota@gmail.co
deshprem977@gmail.com
सम्पर्क : काठमाडौं–२८ बागबजार
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि.भक्तपुर–१
फोन/फ्याक्स ६६१७७४०,मो.९८५१०९८७०३
फोन. : ५३३२८९०,पो.ब.नं. : १०७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं
कम्प्युटर : देशप्रेम कम्प्युटर्स, बागबजार, काठमाडौं ।

*सम्पादकीय*

# आगामी निर्वाचनका सन्दर्भमा दलहरुको प्रमुख चिन्ता सुरक्षा चुनौती

**नेपालमा आगामी फागुन २१ गते हुने भनिएको प्रतिनिधिसभाको निर्वाचनको मिति जति, जति नजिकिँदै जाँदोछ, त्यति,त्यति दलहरुमा सुरक्षाको चिन्ता बढेर गएको देखिएको छ। गतसाता प्रधानमन्त्रि सुशीला कार्कीले आयोजना गर्नुभएको सर्बदलीय बैठकमासमेत सो चिन्ता र चासो ब्यक्त भएको थियो। नेकां र एमालेलगायतका सबै दलहरु आगामी निर्वाचनमा भागलिने तयारीमा रहेका छन्। तर बर्तमान सरकारले गत भदौ २३ र २४ गतेको बिध्वंशमा सहभागीहरुमाथि कारवाही नगरेका कारण दलहरुमा सुरक्षाको चिन्ता बढेको देखिएको हो। हुन पनि नेपालमा नाटकीय ढंगले सरकार परिवर्तन गरेर आगामी फागुन २१ का लागि प्रतिनिधिसभाको निर्वाचन तोकिएका कारणन र केही दलहरुलाई किनारा लगाउन प्रयास गरिएको संकेत मिलेको अवस्था छ। कतिपयले त दलमाथि प्रतिबन्ध लाग्नसक्ने भनाईसमेत बाहिर ल्याएका छन्। एकातिर राष्ट्रपति तहबाटसमेत सुरक्षाको चिन्ता ब्यक्त भैरहेको छभने अर्कातिर नेपाली कांग्रेस र एमालेलगायतका प्रमुख दलहरुले निर्वाचनको सुनिश्चितताकाबारेमा एकै खालका प्रश्नहरु उठाएका छन्। गतसाता राष्ट्रपति रामचन्द्र पौडेलले सुरक्षा निकायका प्रमुखहरुसँग गर्नुभएको छलफलमा पनि बिभिन्न संभावनाका बारेमा छलफलहरु भएका थिए। भदौ २३ र २४ को नाटकीय घटनाले जसरी सरकार परिवर्तन गर्नुकासाथै भैरहेको संसद बिघटन गरेर निर्वाचनको घोषणा गरिएको छ, त्यसले सुरक्षा निकायलाई पनि अलमलमा पारेको देखिन्छ। गतसाता राष्ट्रपति पौडेलले बुद्धिजिबीहरुसँग गर्नुभएको भेटमा पनि सुरक्षासँग सम्बन्धित कुराहरुनै उठेका देखिन्थे। एमालेका अध्यक्ष केपी ओलीले गतसाता आफ्नो पार्टी कार्यालयमा आयोजित कार्यक्रममा गरेको सम्बोधनमा पनि निर्वाचनको सुनिश्चितताको प्रश्न उठाइएको थियो। गत भदौ २३ गते आन्दोलन गरेको दाबिगर्ने बिभिन्न समूहहरुले फेरी पनि आन्दोलनको धम्की दिएका छन्भने दलहरुलाई किनारा लगाउने कुराहरु पनि ब्यक्त हुनथालेका छन्। नेकां र एमालेलगायतका प्रायः सबै पार्टीहरुले आआफ्नो पार्टीको बैठक गरेर संसदको पुनस्थापना र निर्वाचनको प्रचारलाई एकसाथ अगाडि बढाउने तयारी गरेको पाइएको छ। बर्तमान सरकारले तिहार अघिबाटै स्थानीय प्रशासनहरुमार्फत बिभिन्न स्थानहरुमा निषेधाज्ञा लगाउन शुरुगरेको छ। प्रतिनिधिसभाको विघटनविरुद्ध सर्वोच्च अदालतमा परेका झण्डै डेडदर्जन रिटमाथि आगामी १२ गतेबाट छलफल हुने तयारी भैरहेको छ। जसमा चुनाव पक्षकाहरुले आवाज उठाउने संकेतहरु देखिएका छन्।**

**हालसम्म पनि नेकां र एमालेको गठबन्धन कायमै रहेको देखिन्छ। उनीहरुले बिभिन्न जिल्लामा संयुक्त प्रदर्शनहरु पनि थालेका छन्। सोही कुरालाई बुझ्रेर** प्रधानमन्त्री एवं राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्ष सुशीला कार्कीको अध्यक्षतामा सुरक्षा परिषद्को बैठकसमेत बसेको थियो। जसमा राष्ट्रिय सुरक्षा अवस्थाबारे चिन्ता ब्यक्तगरिएको भनिएको थियो। सिंहदरबारस्थित सचिवालयमा बसेको परिषद्को ४० औं बैठकमा हालको वर्तमान राष्ट्रिय, क्षेत्रीय र अन्तराष्ट्रिय सुरक्षाका समसामयिक विषयमा समीक्षा गरिएको पाइएको थियो। त्यसलगत्तै बिभिन्न महत्वपूर्ण स्थानहरुमा अघोषितरुपमा सेना तैनाथ गरिएका समाचार बाहिर आएको छभने सेनालेसमेत एक पत्रकार सम्मेलनगरी पछिल्लो सुरक्षा अवस्थाबारे आफ्नो धारणा सार्बजनिक गरिसकेको छ। **सैनिक अधिकारीहरुले आफूहरु देशको पछिल्लो अवस्था र सुरक्षाका मामिलामा सम्बेदनशील रहेको बताइसक्नु भएको छ। जिल्ला प्रशासन कार्यालय काठमाडौंले आगामी दुई महिनासम्म भेला प्रदर्शन, धर्ना र जुलुसजस्ता विरोधका कार्यक्रमगर्न निषेध गरेकाले निर्वाचनको प्रचार कसरी हुन्छ ? भन्ने प्रश्नहरु उठेका छन्। कार्यक्रम आयोजनागर्दा उत्तेजित भीडबाट तोडफोड, आगजनीजस्ता उच्छृंखल तथा अवाञ्छित गतिविधि हुनसक्ने र आपसी मुठभेड, भिडन्त एवं हुलदंगा वा अशान्ति हुनसक्ने स्थानीय प्रशासनहरुको समेत आंकलन रहेको देखिएको छ। सबैको चिन्ता संसदको पुनर्स्थापना वा निर्वाचनभन्दा पनि सुरक्षाकै रहेकाले बर्तमान सरकारले गत भदौ २३ र २४ गते भएको बिध्वंशमा संलग्नहरुमाथि निर्मम ढंगले कारवाही अगाडि बढाउनेकि प्रमुख दलको नेतृत्वमा सर्बदलीय सरकार गठनका लागि मार्ग प्रसस्तगर्ने भन्ने बिषयमा तत्काल निर्णय लिन सक्नुपर्ने देखिएको छ। देशमा राष्ट्रिय एकता र सहमतीय राजनीतिको प्रबन्ध नभएसम्म केही पनि हुनेवाला छैन। यो आजको अवस्थामा सबैले ध्यान दिनुपर्ने कुरा हो।**

# आजका सन्दर्भमा बृहत् गोलमेच सम्मेलनको आवश्यकता

**देश/परिवेश** डा. केशव देवकोटा

आजको आवश्यकता राष्ट्रिय एकता र मेलमिलापको राजनीति हो भन्ने कुरामा दुईमतगर्ने ठाउँ छैन। तर नेपालको राष्ट्रिय राजनीति त्यसअनुसार अगाडि बढिरहेको छैन। बरु त्यसको ठीक बिपरितका गतिबिधिहरु हुन थालेकाले देशको भाग्य र भबिश्यकाबारेमा खासगरी देशभक्त शक्तिहरुका बीचमा बिभिन्न किसिमका चिन्ता र चासोहरु ब्यक्त हुनथालेका छन्। खासमा नेपालमा हुनलागेको के हो र पछिल्ला घटनाक्रमहरु कसरी भैरहेका छन्भन्ने कुरा मुख्य ब्याख्या र बिश्लेषणको बिषय रहेको छ। जनताबाट चुनिएका जनप्रतिनिधि रहेको संसद र सरकार बिघटन गरेर देशलाई जसरी तदर्थवादी बाटोमा लगिँदैछ, यसैबाट धेरै कुराहरुको रहस्य खुल्छ।

यसअघि नेपाली कांग्रेस र एमालेजस्ता नेपालका सबैभन्दा पूराना संसदवादी र ठूला दलहरुको शक्तिशाली सरकार रहेको थियो। भलै त्यसलेसमेत चाहेअनुसार काम गर्न/गराउन नसकेको देखेर सबैतिर आश्चर्य ब्यक्तगर्ने गरिएको थियो। हाल आएर के स्पष्ट भएको छभने नेपालमा औपचारिक सरकार जुन आए पनि अनौपचारिक सरकारले काम गर्नेगरेको रहेछ। जसलाई यसअघि पनि नेपालमा 'भूमिगत गिरोह' र अन्तराष्ट्रिय क्षेत्रमा 'डिप स्टेट'भन्ने गरिन्थो। पञ्चायत कालमासमेत भूमिगत गिरोहको धेरै चर्चा हुनेगरेको थियो। त्यतिबेला नेपालमा जो जसले भूमिगत गिरोह चलाएका थिए, तिन्ले नेपालको राजनीतिमात्र नभएर समयक्रममा संस्थापन पक्षलाईनै सिध्याए। त्यसपछि उनीहरुका समेत पतन भयो। ०६३ को परिवर्तन पनि हालकोजस्तै नाटकीय ढंगले भएको थियो। त्यतिबेला पनि संसद बाहिरबाट सरकार बनाउने र निर्धारित मिति सकिएको संसद ब्युँताउने लगायतका कामहरु भएका थिए। अनिर्वाचित ब्यक्तिहरुलाई राखेर अन्तरिम संसद, अन्तरिम सरकार र अन्तरिम संविधानसमेत बनाइएको थियो। जसले करिव साँढे आठबर्षको समय र ३० अर्बभन्दा बढी खर्च गरेर बनाएको ०७२ को संविधान नेपालका सबै समस्याहरुको जड बन्नपुगेको छ। त्यतिबेला ०७२ को संविधान बनाउन र नेपालमा गणतन्त्र घोषणा गर्न/गराउन प्रयासगर्नेहरु गत भदौको बिध्वंशकोसमेत प्रेरणाको श्रोत भएका छन्। उनीहरुले हाल ०७२ को संविधान र गणतन्त्रको नामसमेत लिन छाडेका छन्। ०६३ पछि सत्ता र शक्तिमा आउनेहरुले जातीय र क्षेत्रीय नारालाई प्रमुखता दिएका थिएभने हाल राजनीतिमा आउन खोजेकाहरुले उमेर समूहलाई प्रमुखता दिन खोजेको देखिएको छ। ०५२ पछि माओवादी जनयुद्धका नाममा १० बर्षउबस्को अवधीमा जति राष्ट्रिय सम्पति तहस नहस पारिएको थियो, गत भदौ २३ र २४ को दुई दिनमै त्यसको १० दोब्बर राष्ट्रिय सम्पति तहस नहस गरियो। हाल आएर विश्वमानै भूमिगत गिरोह (डिप स्टेट) को सञ्जाल तयार गरिएको देखिएको छ। जसमा व्यापारी, सञ्चारकर्मी, सेना, प्रहरी र अन्य तह/तप्काका कर्मचारीतन्त्रका पूर्व र बहालवाला व्यक्तिहरुलाई संलग्न गराइएको देखिएको छ। उनीहरुले एकापसमा मिलेर भूमिगत सत्ता सञ्चालन गर्नेगरेको देखिन्छ।

विश्व साम्राज्यवादको नीति नै छ, फुटाउ र शासन गर। ढाडमा टेकेर टाउकोमा हिर्काउ भन्ने खालका रहेका छन्। भएभरका राम्रा र जनप्रिय नारा देउ तर काम त्यसको ठीक बिपरित गरभन्ने उनीहरुको नीति रहेको देखिएको छ। जस्तो नेपालका लागि आवश्यकता भनेको राष्ट्रिय एकता र मेलपिमलापको राजनीति हो। भूमिगत गिरोहवालाहरु त्यसको ठीक बिपरित काम गर्दछन्। नेपालले असंलग्न परराष्ट्र नीति अंगालेको छ। उनीहरु स्वतन्त्र परराष्ट्र नीतिका नाममा पश्चिमा राष्ट्रको पक्षपोषण हुनेगरी काम गर्छन्। छिमेकीहरुसँग अशल सम्बन्ध राख्नुपर्नेमा उनीहरु त्यसको ठीक बिपरितका गतिबिधिहरु गर्दछन्। भारतसँग बिगत लामो समयदेखि सम्बन्ध बिग्रेकै थियो। हाल आएर चीनसँगको सम्बन्ध पनि धमिल्याउने प्रयासहरु थालिएका छन्। क्याम्ब्रीज डिक्सनेरीले गुप्त तरिकाबाट विशेष हितको रक्षाको लागि आधार निर्माणगर्नेलाई डिपस्टेटकारुपमा अर्थ्याउन खोजेको छ। उनीहरु जनताबाट अनुमोदन नभइकन सधैं अनौपचारिक शासन चलाउन खोज्छन्। खासमा भन्नेहोभने डिपस्टेट थ्यौरीले विश्वमा अमेरिकाको प्रभुत्व कायम गर्ने/गराउने काम गरिरहेको छ। जसको योजनाअनुसार बरिष्ठ उद्योगपति, चर्चित पत्रकार, अन्य प्रभावशाली ब्यक्ति/ ब्यक्तित्वहरु समेत चल्न बाध्य हुनेगरेका छन्। डिपस्टेटको त्यस्तो दबाबसँग कतिपय अमेरिकी राष्ट्रपतिसमेत नतमस्तक हुनेगरेको बेलाबखत टिकाटिप्पणी हुने गर्दछ। अमेरिकी डिपस्टेटले चाहेमा हरेक देशमा सरकार परिवर्तन गराउन र आफ्नो इच्छाअनुसार सरकार निर्माणगर्न सफल भूमिका निभाउँदै आएको चर्चा पनि गर्नेगरिएको छ। के भनिन्छभने उनीहरु अत्यन्त निर्मम हुन्छन्। आफ्नो स्वार्थ सिद्धगर्नका लागि मानवताको कुरा गर्छन्। तर काम त्यसको ठीक बिपरित गर्दछन्। उनीहरु आफ्नो इच्छाअनुसार नचल्ने व्यक्ति र शक्तिलाई समाप्तगर्न कुनै कसर बाँकी राख्दैनन्। विश्वभर आफ्नो प्रभूत्व कायम राख्न नोबेल पुरस्कार दिने, युद्ध र हतियारमार्फत व्यापार र सत्ता कायम राख्ने डिपस्टेटको नीति सफल र चर्चित रहँदै आएको पाइएको छ। नेपालका सन्दर्भमा ०४६ र ०६३ मा राजनीतिक परिवर्तनको बहानामा प्रवेश गरेको डिप-स्टेटले निर्दलिय ब्यवस्थालाई समाप्तपारेर दलीय बनायो, दलीयतालाई संकटमा धकेलेर बुर्जुवा गणतन्त्र स्थापना गरायो। अब त्यसलाई पनि ढालेर फेरी निरंकुशताको बाटोमा लान खोजिरहेको देखिएको छ। नेपाल र नेपालीको आर्थिक उन्नति हुननदिने, राम्रो र देशको बस्तुस्थिति अनुसारका योजना बन्न नदिने, पूँजीगत खर्च हुननदिने, साधारणतर्फको खर्च बढाउने, वैदेशिक ऋणलाई अनुत्पादक क्षेत्रमा खर्चगर्न बाध्य बनाउने, कमिसनतन्त्रलाई बढावा दिने र देशलाई ऋणको भारी बोकाउने लगायतका गतिबिधिहरु भैरहेका छन्। नेपालका कतिपय असक्षम र नालायक व्यक्तिलाई पनि सत्ता र बिशेष पदमा पुऱ्याउँदै नेपालमा केही हुँदैनभन्ने भाष्य खडागराएर नेपाली युवायुवतीलाई विदेशिन वा नेपालमा रहेपनि डिप स्टेटको सदस्य बन्न बाध्यगराउने कामहरु भैरहेका छन्। जसका कारण यतिबेला नेपालका मजबुत र परम्परागत संस्थाहरु जीर्ण भएका छन्।

नेपालको राजनीतिमा आन्तरिक र बाह्य डिप स्टेटको प्रभाव बढ्दैगएको देखिएको छ। पटके परिवर्तनमार्फत नेपालमा डरलाग्दा स्वार्थ समूहहरु जन्म भएको र हुर्कदैगरेको देखिएको छ। बहाल वाला र सेवा निवृत्त कर्मचारीहरुको साथ सहयोगमा दलाल र बिचौलियाले अभिजात वर्गलाई आफ्नो मुट्ठीमा पारेको देखिन्छ। स्वार्थ समूहले राजनीतिक व्यक्तित्व र सत्तासँग पहुँच बनाएको पनि देखिएको छ। सर्वसाधारणको नजरमा नपरीकननै डिपस्टेटले पर्दा पछाडिबाट घुस र कमिशनको जालो फैलाएको देखिएको छ। पछिल्ला सरकारहरु परियोजनाको छनोट, ठेक्कापट्टा, नियुक्ति, सरुवा, बढुवामा चल्नैनसक्ने अवस्थामा पुगेको देखिएको छ। बाह्य शक्तिको भरपरेका कारण नेपालको राजनीतिक, आर्थिक र सामाजिक पक्ष कमजोर भएको छ। जसले समग्र देशलाईनै कमजोर बनाउँदै बिघटनको बाटोमा धकेलेको देखिन्छ। त्यसैले आगामी दिनमा संसद पुनर्स्थापना भएर फेरी नेकां र **बाँकी ७ पेजमा**

# आन्दोलन हुन्छन् बिनाशकारी, सपना देखाउँछन् परोपकारी

काठमाडौं। पछिल्ला बर्षहरुमा नेपालमा बिचित्रका राजनीतिक गतिबिधि हुनेगरेका छन्। जसबाट सर्वसाधारणले ज्यान गुमाउने र स्वार्थीहरु सत्तामा पुग्ने खेल पनि चलिरहेको छ। जुन कुरा बिभिन्न घटनाक्रमहरुले पुष्टि पनि गरेका छन्। जस्तो गत ०८१ मंसिर सातगते मेडिकल व्यवसायी दुर्गा प्रसाईंको आयोजनामा काठमाडौंको बल्खुमा आन्दोलन भएको थियो। त्यसैगरी सोही समूहले ०८१ चैत १५ गते तीनकुनेमा प्रदर्शन गरेको थियो।

सो प्रदर्शनमा दुई जनाले ज्यान गुमाए। कतिपय समूहले गत भदौ २३ र २४ गते आन्दोलन गरे। त्यसक्रममा ७६ जनाले ज्यान गुमाएभने हजारौं घाइते, अंगभंग पनि भए। कैयौं अझै बेपत्ता रहेका छन्। दुर्गा प्रसाईंको आन्दोलनको मुख्य एजेण्डा थियो-राजा फर्काउने, राजतन्त्र पुनःस्थापित गराउने। भदौ २३ र २४ मा आन्दोलनगर्नेहरुको एजेण्डा अझै स्पष्ट छैन। तथापि दुवैको आन्दोलनले राष्ट्र र जनताको मुद्धामा आधारित नभएको स्पष्ट छ। भदौ २३ मा आन्दोलन गर्नेहरुले अंग्रेजी नाम र अंग्रेजीमा ब्यानर प्रदर्शन गरेर आफ्नो अशली परिचय दिने प्रयास गरेका थिए। सो आन्दोलनमा देश र जनताका समस्याका बारेमा खासै सुनिएन। नेपालको थुप्रै भूभाग भारतको कब्जामा छ। दार्जिलिङ, सिक्किम, टकनपुर, कोलकात्ता, लिम्पियाधुरा, लिपुलेक, कालापानीलगायत नेपाली भूभाग भारतको स्वामित्वमा गएको छ भने अन्य भूभाग पनि कब्जागर्न हाम्रो सीमा मिच्नेक्रम जारी रहेको देखिन्छ। मुलुकको वैदेशिक ऋण २९ खर्ब ४२ अर्ब पुगिसक्यो। देशभित्रै सरकार ऋणमा छ। निर्माण व्यवसायीको ४५ अर्ब, दुध तथा उखु किसानको सात अर्ब र कोरोना बीमा गराएका अस्पतालको २४ अर्ब बक्यौता भुक्तानी बाँकी छ। दुर्गा प्रसाईंको होस् या हालैका बिभिन्न नामधारी आन्दोलनहरुमा कसैले पनि हाम्रो भूभाग फिर्ता ल्याऊ सरकार, विदेशी ऋण मिनाहा गरजस्ता राष्ट्र र राष्ट्रियताको पक्षमा नारा लगाएनन्। बरु तोडफोड र आगजनी गरेर राज्यमाथि आर्थिक भार थप्ने काम गरेका थिए। प्रसाईंको आन्दोलनमा मारिएका व्यक्तिका परिवारलाई दशलाख र पछिल्लो आन्दोलनमा मारिएकाको परिवारलाई राज्यले १५-१५ लाख रुपैयाँ दिनुपरेको छ।

यतिमात्र होइन, पछिल्लो आन्दोलनमा मारिएकालाई शहीद समेत घोषणा गरिएको छ। यसले शहीद परिवारलाई महिनैपिच्छे सरकारले रकम उपलब्ध गराउनुपर्छ। त्यसैगरी आन्दोलनका क्रममा घाइते भएका हजारौंको सरकारले निःशुल्क उपचार गऱ्यो। जसमा पनि राज्यको ढुकुटीको अर्बौ सकिएको छ। अर्को मुख्य कुरा पछिल्लो आन्दोलनमा मानवीयसँगै ठूलो भौतिक क्षति भएको छ। खर्बौंको सार्वजनिक तथा निजी सम्पत्ति खरानी बनेको छ। नेपाल ५० वर्षपछिको अवस्थामा धकेलिएको छ। तत्कालिन प्रधानमन्त्रि केपी शर्मा सत्ता छोडे। पूर्वन्यायाधीश सुशीला कार्की प्रधानमन्त्री बनिन्। सुशीला पनि कुनै युवती होइनन्। ओलीभन्दा जेठी हुन् अथवा ७३ वर्षकी ज्येष्ठ नागरिक हुन्। अनि ७३ वर्षीया सुशीलालाई प्रधानमन्त्री बनाउन यत्रा युवाहरुले ज्यान गुमाउनुपर्थ्यो त ? उसै त उनी पूर्वकर्मचारी हुन्। अहिले पनि उनी पूर्वप्रधानन्यायाधीशको हैसियतमा पेन्सन बुझ्छिन्। उनी प्रधानमन्त्री भएको एक महिना बितिसक्यो। यस अवधिमा केही पनि भएको छैन। न सुशासन कायम हुनसकेको छ, न उनको सरकारले शान्ति सुरक्षाको अनुभूर्ति जनतालाई गराउन सकेको छ। देश र जनताको हितमा केही नगरेपनि उनको हातमा त दुईतिरबाट लड्डु आइरहेको छ। एकातिर पेन्सन आउँछ, अर्कोतिर प्रधानमन्त्रीको तलब, सेवासुविधा, ओहोदा। अनि राज्यकै खाएर राज्यमाथिनै घातगर्ने कर्मचारीलाई नेतृत्वमा पुऱ्याउन जनताका छोराछोरी मरेका हुन्। सुशीला प्रधानमन्त्री बनेपछि तत्कालिन प्रतिनिधिसभा विघटन गरेर फागुन २१ ग्ते चुनाव मिति घोषणा गरिन्। जबकी संसदको अवधि अझै २७ महिना बाँकी थियो। ०७९ मंसिर चारगते प्रदेश सभा तथा प्रतिनिधिसभा निर्वाचन गराउँदा २६ अर्ब खर्च भएको थियो।

जनताले पनि घण्टौं हिँडी मतदान केन्द्रमा दिनभर लाइनमा बसेर मतदान गरेका थिए। अब फेरि फागुनमा चुनाव गराउँदा अर्बौ खर्च हुन्छ। जनताले पनि फेरि दुःख पाउने छन्। यो चुनावमार्फत पनि पुरानै राजनीतिक दलहरु फर्किने देखिन्छ। किनकि काँग्रेस र एमाले जिल्ला-जिल्ला, नगर र वडासम्म बलियो संगठन छ। त्यहाँ उनीहरुका लाखौं लाख कार्यकर्ता छन्। चुनावमा भोट हाल्ने भनेकै कार्यकर्ताले हुन्। तर, गत भदौमा आनदोलन गर्नेहरुको न संगठन छ न कार्यकर्ता। त्यसकारण आउँदो चुनावले पुराना दललाई नै पुनःस्थापित गराउने देखिन्छ। यसअघि श्रीलंका र बंगलादेशमा पनि नेपालजस्तै आन्दोलन भएको थियो। श्रीलंकाका तत्कालिन राष्ट्रपति र बंगलादेशकी प्रधानमन्त्री देशै छोडेर भागे। नेपालमाभने कुनै पनि राजनीतिक दलका नेता तथा सरकारका तत्कालिन प्रतिनिधिहरु देश छोडेर भागेनन्। यसले पनि थाहा हुन्छकि उनीहरुलाई अझै पनि पुनःस्थापित हुने विश्वास छ। जेनजी आन्दोलनको नाममा सार्वजनिक तथा निजी सम्पत्तिमा तोडफोड, आगजनी र लुटपाट गर्नेहरुलाई वर्तमान सरकारले समातेको छैन। प्रहरीले पक्रेकालाई समेत गृहमन्त्री ओमप्रकाश अर्यालको निर्देशनमा छोडिएका समाचारहरु बाहिर आएका छन्। जन आवाज उठेको छ-अब हामी सरकारलाई कर तिर्दैनौं। आफूहरुको करबाट बनेको सार्वजनिक सम्पत्तिमा क्षति पुग्नेलाई कारवाही नभएपछि उनीहरु निराशसँगै आक्रोशित भएका छन्। कसैले सानो गल्ती गरेपनि कारवाही हुने, कसैलाई चाँहि खर्बौंको सार्वजनिक सम्पत्ति खरानी बनाउँदा पनि कानूनले नछुने ? वर्तमान सरकारले अझै पनि राष्ट्रिय सम्पत्ति र सम्पदा ध्वस्तपार्नेलाई कारवाही नगर्नेहो भने अर्को विद्रोह हुनसक्छ। त्यसैगरी राजा फर्काउने दुर्गा प्रसाईंको **बाँकी ७ पेजमा**

# सबैको चाहना भयरहित वातावरण र संविधान अनुसारका गतिबिधि

यो साताको बिशेष

काठमाडौं। गत भदौ २३ र २४ गते अज्ञात समूहले मच्चाएको बिध्वंश र राष्ट्रपति रामचन्द्र पौंडेलले भदौ २७ गते चालेको कदमका कारण नेपालको राष्ट्रिय राजनीति बिथोलिएको छ। संसद बाहिरबाट गठन भएको सरकारले बिघटित संसदमा रहेका दलहरुमाथि शासनगर्ने प्रयास गरेपछि कानूनी राज्यको समेत अन्त्य भएको ठानिन्दैछ। नेपालमा राष्ट्रिय एकता र सहमतीय राजनीतिको आवश्यकता महशुस भैरहेका बेला त्यस बिपरितका गतिबिधिहरु हुन थालेका छन्। अबको अवस्थामा देशको राष्ट्रिय राजनीतिलाई सही बाटोमा अगाडि बढाउनका लागि कि त संसदको पुनर्स्थापना कि बर्तमान प्रधानमन्त्रि सुशीला कार्किले राजीनामा गरेर बिघटित संसदका ठूला दलको नेतृत्वमा सर्बदलीय सरकार गठन हुनुपर्ने अनिवार्य आवश्यकता भएको छ। जसरी पनि भदौ २३ र २४ गते बिध्वंश मच्चाउनेहरुमाथि कानूनी कारवाही हुनैपर्ने भएको छ। पछिल्ला दिनमा गत बिघटित संसदमा रहेका, आगामी निर्वाचनमा भाग लिने र सो निर्वाचन पछि संसदमा आउनसक्ने प्रमुख दलहरुसँग बिभिन्न कोणबाट छलफल भएका छन्भने उनीहरुले बिभिन्न सुझावहरु पनि दिएका छन्। त्यसको समेत मनन हुनुपर्ने देखिएको छ। प्रधानमन्त्री सुशीला कार्कीले आगामी फागुन २१ गतेका लागि तोकिएको निर्वाचनमा सहकार्यगर्न सबैमा अपिल गर्नुभएको छ। नेपाली जनतालाई मताधिकार प्रयोगगर्ने वातावरण बनाउन सरकार कटिबद्ध भएको बताउँदै उहाँले सचेत नागरिकको भूमिका निर्वाह गर्नसमेत सबैमा आग्रह पनि गनुभएको छ। उहाँले आगामी फागुन २१ गते हुने भनिएको निर्वाचनमा भयरहित ढंगले नेपाली जनतालाई मताधिकार प्रयोग गर्ने वातावरण बनाउन सरकार कटिबद्ध रहेको पनि बताउनु भएको छ। उहाँले सबै राजनीति दल, बर्ग, समूहको साथ र सहयोग रहनेछ भन्नेमा विश्वस्त रहेको समेत बताउनु भएको छ। चुनावी प्रयोजनका लागि गठन भएको अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले गतसाता पहिलोपटक राजनीतिक दलहरुसँग छलफल पनि गरिसक्नु भएको छ। प्रधानमन्त्रीले दलका नेताहरुसँग पर्यवेक्षक राखेर गरेको छलफलमा गृहमन्त्री ओम अर्यालका अभिव्यक्ति र गतिविधिको आलोचना भएको छ। चुनाव गराउनका लागि महत्वपूर्ण भूमिका खेल्ने जिम्मेवारीमा रहेका गृहमन्त्री अर्यालले दलका नेताहरुलाई लक्षित गर्दै दिएका अभिव्यक्ति र पद सम्हालेपछि गरिरहेका गतिविधिको दलका नेताहरुले आलोचना गरेका थिए। चुनाव गराउनका लागि गठित सरकारका गृहमन्त्रीले राजनीतिक दलमाथि विजय हाशिल गरेकोजस्तो अभिव्यक्ति र व्यवहार देखाएको भनेर नेताहरुले आलोचना गरेका थिए। एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले दलहरुलाई निषेध र अपमानितगर्ने, नेताहरुलाई होच्याउने लगायतका गृहमन्त्रीका अभिव्यक्तिको आलोचना भएको बताउनु भएको छ। भदौ २३ र २४ को घटनाको अनुसन्धानमा दोहोरो मापदण्ड अपनाएको, भागेका कैदी र लुटिएका हतियार प्रयोग गर्दैनौं भनेर दलहरुले ग्यारेन्टी गर्नुपर्छ भनी गृहमन्त्रीले दिएको अभिव्यक्ति लगायतमा पनि आपत्ति ब्यक्त भएको छ। सरकारले निर्वाचनको वातावरण निर्माणका लागि राजनीतिक दलहरुसँग चरणबद्ध वार्ता र संवाद अघि बढाए पनि कुनै निष्कर्ष निस्कन सकेको छैन। भदौ २३ र २४ को आन्दोलनको जगमा गठित वर्तमान सरकारले आगामी फागुन २१ मा घोषित निर्वाचन सम्पन्नगर्न तथा मुलुकमा सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणका लागि पहलकदमी लिएको भनिएपनि दलहरु बिश्वस्त हुन

**एमालेको १० तर्क :** निवर्तमान सरकारमा प्रधानमन्त्रि रहनुभएका एमालेका अध्यक्ष केपि ओलीले देशको



बर्तमान राजनीतिका बारेमा गंभिर प्रश्नहरु उठाउनु भएको छ। प्रधानमन्त्रीसहित बिभिन्न राजनीतिक दलका नेताहरुसँगको छलफलमा एमालेले गत भदौको आन्दोलनपछिको अवस्था र आगामी निर्वाचनबारे १० बुँदामा आफ्नो धारणा समेत राखेको छ। बालुवाटारमा भएको करिब पाँच घण्टा लामो छलफलमा एमालेकातर्फबाट महासचिव शंकर पोखरेल र उपमहासचिव प्रदीप ज्ञवालीले पार्टीका धारणाहरु राख्नुभएको थियो। उहाँहरुले गत भदौ २३ र २४ गतेका घटनाको स्वतन्त्र, निष्पक्ष र विश्वसनीय छानबिन हुनुपर्नेभन्दै ती घटनाका दोषीलाई कानून अनुसार कारवाही हुनुपर्नेमा जोड दिनुभएको थियो। संसद बाहिरबाट प्रधानमन्त्री नियुक्तगर्ने परिस्थितिमा पनि संसदनै समाधानको केन्द्र हुनसक्छभन्ने मान्यताअनुरुप राष्ट्रपतिलाई सुझाव दिइए पनि सरकार गठन र प्रतिनिधि सभाको विघटन आफूहरुको सुझावभन्दा भिन्न प्रक्रियाबाट भएकाले एमालेले त्यसलाई असंवैधानिक कदमका रुपमा लिएको छ। मुलुकलाई पुनः संविधानको बाटोमा फर्काउनका लागि प्रतिनिधि सभाको पुनर्स्थापना आवश्यक छभन्ने एमालेको अडान रहेको छ। एमालेले मुख्य दलहरुलाई निषेध गरेर गरिने निर्वाचनले राजनीतिक वैधता पाउन नसक्ने धारणा पनि राखेको छ। एमाले लोकतन्त्रलाई जीवनपद्धतिका रुपमा आत्मसातगर्दै आएको पार्टी सो पार्टीका नेताहरुको दाबि छ।

**एमालेका १० बुँधे सुझावहरुमा-**

१. हाम्रो पार्टीले जेन्जीका नाममा नयाँ पुस्ताले उठाउँदै आएका मागहरुलाई सदैव सकारात्मक दृष्टिले हेर्दैआएको छ। तर, उक्त आन्दोलनमा स्वार्थी र आपराधिक तत्वहरुको घुसपैठभई शान्तिपूर्ण आन्दोलनलाई नियोजित रुपमा हिंसात्मकरुप दिइएको विषयमा पार्टी गम्भीर र चिन्तित छ। २३ गतेको घटनामा स्कूले बिद्यार्थीमाथि भएको बल प्रयोग र त्यसबाट भएको मानवीय क्षतिप्रति तत्कालीन प्रधानमन्त्री स्वयं चिन्तित रहँदै स्वतन्त्र र निष्पक्ष छानबिनको निर्णयमा पुग्नु भएको थियो। अहिले पनि हाम्रो पार्टी २३ र २४ गतेका घटनाको स्वतन्त्र, निष्पक्ष र विश्वसनीय छानबिनको पक्षमा छ। ती घटनाका दोषीलाई कानूनअनुसार कारवाही हुनुपर्छभन्ने हाम्रो पार्टीको स्पष्ट धारणा हो।

२.तत्कालीन प्रधानमन्त्रीले स्थितिलाई सामान्य बनाउने उद्देश्यले राजीनामा दिएपछि, संविधानसम्मत बाटोबाट जेन्जीका मागहरु समेत सम्बोधन गर्नसक्नेगरी नयाँ सरकार गठन हुनुपर्ने हाम्रो पार्टीको धारणा रहँदैआएको हो। संसद बाहिरबाट प्रधानमन्त्री नियुक्तगर्ने परिस्थितिमा पनि संसदनै समाधानको केन्द्र हुनसक्छभन्ने मान्यताअनुरुप सम्मानीय राष्ट्रपतिलाई सुझाव दिइएको थियो। तर, सरकार गठन र प्रतिनिधि सभाको विघटन हाम्रो सुझावभन्दा भिन्न प्रक्रियाबाट भयो, जसलाई हाम्रो पार्टीले असंवैधानिक कदमकारुपमा लिएको छ। मुलुकलाई पुनः संविधानको बाटोमा फर्काउनका लागि प्रतिनिधि सभाको पुनर्स्थापना आवश्यक छभन्ने हाम्रो दृढ विश्वास हो।

३.वर्तमान सरकार असामान्य राजनीतिक अवस्थाको निकासका लागि निश्चित कार्यादेशसहित गठन भएको हो। यसको प्रमुख कार्य राजनीतिक द्वन्द व्यवस्थापनगर्नु, शान्ति-सुरक्षाको पुनःस्थापना गर्नु, २३ र २४ गतेका घटनाको निष्पक्ष छानबिन गराउनु र छ महिनाभित्र भयरहित वातावरणमा स्वतन्त्र तथा निष्पक्ष निर्वाचन सम्पन्न गर्नु हो। तर, सरकार गठनको प्रक्रिया र प्रतिनिधि सभाको विघटनका कारण यो सरकार गम्भीर संवैधानिक परीक्षणबाट गुज्रनुपर्नेछ, जसले यसको कार्यादेशनै प्रभावित हुनसक्ने अवस्था देखिन्छ।

४. २३ र २४ गतेका घटना नेपालको इतिहासकै दुःखद घटना हुन्। अत्यन्त छोटो अवधिमा ठूलो मानवीय र भौतिक क्षति भयो। राज्यका महत्वपूर्ण संरचना र केन्द्रहरुमा नियोजित रुपमा आक्रमण, लुटपाट र आगजनी गरियो। सुरक्षा निकायलाई निरिह बनाइ राज्यविहीनताको स्थिति सिर्जना गरियो। यी गतिविधिहरु सामान्य आक्रोशको परिणाममात्र थिएभन्ने ठान्न सकिन्न। सामाजिक सञ्जालको दुरुपयोग, स्वार्थी तत्वहरुको आकांक्षा र भूराजनीतिक चलखेलका कारण मुलुकको अस्मिता नै चुनौतीमा परेको छ। यसको समग्र छानबिनका लागि स्वतन्त्र, निष्पक्ष र उच्चस्तरीय आयोग गठन गर्नुपर्ने हाम्रो पार्टीको माग छ। राजनीतिक संक्रमणको व्यवस्थापनका सन्दर्भमा विगतका अन्तरिम सरकारको अनुभववाट शिक्षा लिनु आवश्यक छ।

५.वर्तमान सरकारले गठन गरेको कार्की आयोग स्वतन्त्र र निष्पक्ष छानबिन गर्नसक्ने अवस्थामा छैन। आयोगका प्रमुखनै आन्दोलनलाई उक्साउने कार्यमा संलग्न रहेको प्रमाण सार्वजनिक भइसकेको छ। त्यसैले, वर्तमान आयोग खारेजगरी निष्पक्षता र विश्वास योग्यता कायम गर्न सक्ने व्यक्तिहरुको सहभागितामा नयाँ आयोग गठनगर्न आवश्यक छ।

६. २३ र २४ गतेका घटनामा सुरक्षा व्यवस्थामा गम्भीर कमजोरी देखिएको छ, जसले राज्यको क्षमता र प्रतिष्ठा दुवैमा नकारात्मक असर पारेको छ। नेपाल प्रहरीले ठूलो मानवीय, भौतिक र मानसिक क्षति बेहोर्नु परेको छ। राज्यविहीनताको अवस्थाले राज्यको समग्र सामर्थ्य कमजोर भएको छ। केन्द्रीय प्रशासनिक कार्यालय सिंहदरबार, न्यायिक क्षेत्र तथा राष्ट्रको आस्थाको प्रतीक राष्ट्रपतिको कार्यालयमाथि गरिएको आक्रमण लोकतान्त्रिक मूल्य विपरीतको कार्य हो। लोकतन्त्रका आधार स्तम्भ राजनीतिक दलहरु, तिनका नेताहरु र निर्वाचित जनप्रतिनिधिहरुलाई असक्षम बनाउने नियोजित प्रयास भएको देखिन्छ। तर, सरकारले यस अवस्थाको सुधारमा आवश्यक गम्भीरता देखाएको छैन।

७. निर्वाचनको राजनीतिक वैधता सुनिश्चितगर्न भयरहित वातावरणमा स्वतन्त्र र निष्पक्ष निर्वाचन आवश्यक छ। तर, अहिले सुरक्षाको अवस्था नाजुक रहेको, प्रहरीको मनोबल कमजोर भएको र सुरक्षा चुनौती अत्यधिक बढेको अवस्था छ। प्रहरीका खोसिएका हतियार र गोलीगट्ठा अझै फिर्ता भएका छैनन्। जेलबाट भगाइएका कैदीहरुमध्ये धेरैजना फरार छन्। कतिपय अपराधीहरु अपराध कर्ममा पुनः सक्रिय भएको तथ्य सार्वजनिक भइरहेका छन्। नेपाल प्रहरीलाई स्वतन्त्ररुपमा अनुसन्धान र कानूनी कारवाहीगर्न नदिइएको गुनासो सुनिन्छ। यस परिस्थितिको तत्काल सुधार अपरिहार्य छ।

८.२३ गतेको घटनामा भएको बल प्रयोग र मानवीय क्षति गम्भीर चिन्ताको विषय हो। नेपाल प्रहरीले भिड व्यवस्थापनको अभ्यासभन्दा बाहिर ठूलो मात्रामा मानवीय क्षतिभएको देखिन्छ। के कति कारणले त्यस्तो हुनुपुग्योभन्ने विषयमा गहिरो अनुसन्धान आवश्यक छ। तत्कालीन सरकारले यस विषयमा गम्भीर चासो देखाउँदै उच्चस्तरीय छानबिन आयोग गठनगर्ने निर्णय गरेको थियो। तर, पर्याप्त प्रमाण विनानै वर्तमान सरकारले तत्कालीन प्रधानमन्त्रीको राहदानी रोक्कागर्ने र स्थानहदगर्ने जस्ता गैरजिम्मेवार कार्य गरेको छ, हाम्रो पार्टी यस्ता अनुचित कदम रोकिनु पर्छभन्ने मान्यता राख्दछ।

९. निर्वाचनका लागि राजनीतिक दलहरुले भयरहित वातावरणमा जनतामाझ आफ्नो बिचार प्रस्तुतगर्न पाउनुपर्छ। मुख्य दलहरुलाई निषेध गरेर गरिने निर्वाचनले राजनीतिक वैधता पाउन सक्दैन। राजनीतिक दलका नेताहरुको क्रियाशीलतामा अवरोधगर्न खोज्ने प्रवृत्तिको प्रतिवाद सरकारतर्फबाट भएको देखिदैन। कतिपय समूहहरु समानान्तर सत्ता सञ्चालन गर्नेजस्ता गतिविधिमा सक्रिय छन्। यस्ता अवस्थाको नियन्त्रण अनिवार्य छ। सरकारले राजनीतिक दलहरुसँग संवाद र सहकार्यको वातावरण सुनिश्चित गर्नुपर्छ। तर, अहिलेका केही मन्त्रीहरु त्यसको विपरीत व्यवहार गरिरहेका छन्, जसमा तत्काल नियन्त्रण आवश्यक छ।

१०.लोकतन्त्रमा जनतालाई संगठितगर्ने र जनअभिमतलाई प्रतिनिधित्वगर्ने काम राजनीतिक दलहरुले नै गर्दछन्। गै़र सरकारी संस्थालाई राजनीतिक आन्दोलनको स्टेक होल्डर बनाउने कार्यनै त्रुटीपूर्ण कार्य हो। जेन्जीका नाममा यस्तै तत्वहरुले नै आन्दोलनलाई हिंसात्मक बनाउने काम गरेका हुन सक्दछन्। यस्ता कुराप्रति सचेत हुनु आवश्यक छ।

**रास्वपाले राखेका पाँच अवधारणा :** गत साता पाँचगते प्रधानमन्त्री सुशीला कार्कीसँगको राजनीतिक संवादमा राष्ट्रिय स्वतन्त्र पार्टीले आगामी फागुन २१ गतेको चुनाव र अहिलेको समग्र अवस्थाबारे आफ्नो पाँचबुँदे अवधारणा प्रस्तुत गरेको थियो। रास्वपाका उपसभापति स्वर्णिम वाग्लेले आफ्नो सामाजिक सञ्जाल फेसबुकबाट बैठकमा राखेका पाँचबुँदे अवधारणा सार्वजनिक गनुभएको हो। बैठकमा रास्वपातर्फबाट उपसभापति वाग्ले र सोबिता गौतम उपस्थित हुनुहुन्थ्यो। रास्वपाले राखेका पाँच बुँदा निम्न छन् –

१. चरम कुशासन र अहंकारको प्रतीक बनेको एमाले-कांग्रेस सरकार ढल्नुपर्छ भनेर आन्दोलनरत रास्वपाका लागि भदौ २३ मा जेनजी शान्तिपूर्ण प्रदर्शनका दौरान भएको नरसंहारपछि त्यो अनैतिक सरकारको औचित्य पूर्णतः समाप्त भएको र तिनै दुई दलको वर्चस्व रहेको प्रतिनिधिसभाको वैधता पनि सकिएको निस्कर्ष निकाल्दै ताजा जनादेश माग्ने पहिलो राष्ट्रिय दल रास्वपा हो।

२. नयाँ मतादेशको अपरिहार्यता र जेनजी पुस्ताले गरेको निर्णायक हस्तक्षेपको म्यान्डेटबीच सन्तुलन राख्न रास्वपाले गत भदौ २६ गते नै प्रतिनिधिसभाको नयाँ निर्वाचन छमहिनाभित्रै गर्ने तर सम्भावित प्रतिगमनविरुद्ध लड्न राष्ट्रिय सभाको स्थायी स्वरुप कायम राख्नुपर्ने अपिल गरेको थियो। त्यसैअनुरुप मुलुकको राजनीति अघिबढेको हाम्रो मूल्यांकन छ।

३. संसदमा जेनजी शब्दावली र आक्यांक्षालाई प्रवेश गराउन यो पुस्ताका तीनजना सांसद निर्वाचित गराउने (५० वर्ष मुनिका १९ जना सांसद लग्ने) रास्वपाका सुशासन-केन्द्रित मुद्दा एवं जेनजीका माग एउटै छन्। सुशीला कार्कीको सरकारप्रति पार्टीको सद्भाव र शुभेच्छा रहेपनि हाम्रो समर्थन निःशर्त एवं अनन्तकालीन हुन सक्दैन। प्रतिशोधको राजनीति विरुद्ध सरकार उभिएको देखिनु पर्छ।

४. सुशासनका लागि निर्णायक हस्तक्षेपको बलमा बनेको सरकारले निरन्तर आफ्नो वैधताको श्रोतको खोजी गरिराख्नुपर्छ। त्यसका पाँच आयामबारे पार्टीले गत भदौ २८ मै स्पष्ट पारेको थियो – फागुन २१ को निर्वाचनको इमानदार तयारी, भ्रष्टाचार र दण्डहीनताविरुद्ध कडा कदम, आर्थिक सुधार; विकास-निर्माणमा गुणस्तरीय द्रुतता, र सुदृढ अन्तर्राष्ट्रिय सम्बन्ध।

५. आगामी दिनमा शासकीय वैधताको श्रोतको पुनर्ताजगीका लागि रास्वपाका अपेक्षा निम्न रहेको पाइन्छ-

(क) शान्ति-सुरक्षा र अमनचैन – भदौ २३ को नरसंहार र भदौ २४ को हिंसा-आगजनीबारे छानबिन; प्रहरी मनोबल उच्चराख्न साधन श्रोतको परिचालन एवं आसन्न नेतृत्व चयनमा क्षमता र योग्यताका आधारमा निर्णय। रास्वपाविरुद्ध ११ महिना षडयन्त्रगर्ने निर्वाचन आयोगबाट दलीय छायाँ हट्नुपर्ने।

(ख) लुकाइएका र दबाइएका दर्जनौं भ्रष्टाचार मुद्धाविरुद्ध कदम चाल्दा लहड होइन, विधि र संस्थाको सहारा लिनुपर्ने। तर चुनाव भाँडिन्छभन्ने कुतर्क पुराना दलले गर्ननहुने। सरकारले दह्रोखुट्टा टेक्नुपर्ने। वर्तमान अर्थमन्त्रीकै पहलमा बनेको आर्थिक सुधार-सुझाव प्रतिवेदनका ४७८ वटा सिफारिसको बहुसंख्यक कार्यान्वयन, र सार्वजनिक खरिद एवं ठेक्कापट्टाका विकृति बढार्दै भौतिक पूर्वाधारका नयाँ मानक अपरिवर्तनीय सुधारका रुपमा स्थापित हुनुपर्ने।

(ग) संविधान संशोधनको कार्यसूची निर्माणका लागि विश्वसनीय उच्चायोग बन्न पर्ने।

(घ) सर्वदलीय संवादलाई संस्थागत र फराकिलो बनाउने; नागरिक समाज र नयाँ-पुराना मिडियाको पनि आवधिक संलग्नता।

(ङ) निष्पक्ष, भयरहित निर्वाचनका लागि राष्ट्रसंघ एवं मित्रराष्ट्रहरुको पर्यवेक्षकीय भूमिका सुनिश्चित गर्ने। विदेशमा रहेका नेपालीहरुको मतदानका लागि सार्थक कूटनीतिक-प्राविधिक पहल, डायस्पोराको घनत्व भएको स्थानमा न्यूनतम पाइलटको ग्यारेन्टी। परिपक्व परराष्ट्रमन्त्री वा एम्बेसडर-एट-लार्जको अविलम्ब नियुक्ति।

**समयमा चुनाव गराउने माग :** जेनजी मुभमेन्ट अलायन्सका अभियन्ताहरुले आगामी फागुन २१ गते नै प्रतिनिधिसभाको निर्वाचन हुनुपर्ने धारणा राखेका छन्। गत असोज ३० गते राजनीतिक दल, नागरिक अगुवा र पत्रकारहरुमाझ सर्वपक्षीय छलफलगर्दै जेनजी अभियन्ताहरुले समयमा निर्वाचन सम्पन्नगर्न सबै मिलेर लाग्नुपर्ने बताएका छन्। सो अलायन्स फरक, फरक जेनजी समूह र व्यक्तिहरु एकै ठाउँमा आएर बनेको साझा प्लाटफर्म भएको बताइन्छ। ४३ जिल्लाका जेनजी प्रतिनिधि र १३ वटा जेनजी समूह यसमा औपचारिकरुपमा संलग्न छन्। उनीहरु मध्ये कतिपयले खनालले **बाँकी ८ पेजमा**

# नेपालको गृह प्रशासनका अन्योलपूर्ण नीतिहरु

**रुषा थापा**

०७२ को संविधानअनुसार कुनैपनि नेपाली जन्मिएको मितिले २० बर्ष पूरा पुगेपछि गरिएको विवाहलाई कानूनी मान्यता दिइन्छ। बिहे गरेको ३५ दिनभित्र विवाह दर्ता गर्नुपर्छ। र, महिलाको पेटमा गर्भआएको सातदेखि दश महिनाभित्र शिशु जन्मिन्छ। त्यसरी जन्मिएको शिशुको ३५ दिनभित्र जन्म दर्ता गराउनुपर्छ। त्यसका लागि तीनपुस्ते चाहिन्छ। यता त्यो शिशु १६ बर्ष पुगेपछि नागरिकता बनाउनुपर्छ। जसअजुसार शुरुमा सम्बन्धित स्थानीय तहका वडाध्यक्षले तीनपुस्ते भिकेर नागरिकताका निम्ति सिफारिस दिन्छ। त्यो सिफारिससहित आमा, बुबाको नागरिकता र अभिभावकसहित जिल्ला प्रशासन कार्यालय जानुपर्छ। त्यहाँ पनि तीनपुस्ते विवरण लिइन्छ। अनि बिभिन्न प्रक्रिया पूरागरेर बल्ल नागरिकता दिइन्छ। यसरी नागरिकता पाएपछि ऊ नेपाली नागरिक ठहरिन्छ। १६ बर्षमा नागरिकता पाएतापनि बैंक खाता खोल्न र मतदानगर्न १८ बर्ष पुग्नुपर्छ। २१ बर्ष पुगेपछि निर्वाचनमा उम्मेदवारी दिन पाइन्छ। र, मुलुकको ऐन, कानून विपरीत कुनैपनि गतिविधि गरेमा उसले सजाय भोग्नुपर्छ। यसैले, अहिले हजारौं मानिसहरु जेलमा सजाय भोगिरहेका छन्। हाम्रो देशमा अहिलेसम्म गल्तीगर्ने नागरिकलाई देशबाट निकालागर्ने वा फाँसीको सजाय दिने कानून बनेको छैन। थुप्रै नेपालीहरु विदेशमा छन्। उनीहरुले त्यँहीको ग्रिन कार्ड, पिआर लिएका छन्। यसरी ग्रिन कार्ड, पिआर पाउन उनीहरुले शुरुमा नेपाली नागरिकता त्याग्नुपर्छ। नागरिकता त्यागेको प्रमाण उसले सम्बन्धित देशको तालुक निकायमा पेश गर्छ। अनि अध्ययनपछि उसलाई त्यहाँको ग्रिन कार्ड, पिआर दिइन्छ। यसरी ग्रिनकार्ड, पिआर लिएपछि उनीहरु नेपाली नागरिक होइनन्भन्ने कानूनले बुझाउँछ। गत भदौ २३ र २४ गते जेनजी पुस्ताले देशभर आन्दोलन गरे। झण्डै ८० जनाले ज्यान गुमाए, हजारौं घाइते भए। आन्दोलनमा खर्बौंको सरकारी तथा निजी सम्पत्तिको क्षति पुग्यो। यता, मृतक परिवारलाई जनही १५ लाख रुपैयाँ दिइएको छभने घाइतेको निःशुल्क उपचार भइरहेको छ। त्यो सबै जनताले तिरेको करबाट गरिएको छ। आन्दोलन देश र जनताको हितका निम्ति गरिन्छ। मुलुकमा परिवर्तन, शोषक, सामन्तीको अन्त्यका निम्ति आन्दोलन हुन्छ । कि त व्यवस्था परिवर्तनका निम्ति आन्दोलन गरिन्छ। तर, जेनजी आन्दोलन यी कुनै पनि विषयसँग सम्बन्धित थिएन। आह्वानका देशभरका जनता सडकमा उत्रिए। दुर्भाग्य, देश र जनताको हितका कुरा वा विषय कँही कतै उठेन। छिमेक भारत र चीनले हाम्रो थुप्रै भूभाग कब्जा गरेका छन्। दार्जिलिङ, सिक्किम, टकनपुर, कोलकत्ता, कालापानी, लिपुलेक, लिम्पियाधुरा हाम्रा भूभाग हुन्। विडम्बना, यी भूभाग अहिले भारत र चीनको भनि परिचित छन्। हाम्रा अन्य भूभागमाथि पनि उनीहरुले आँखा गाडेका छन्। त्यसैले, त सीमा मिच्नेक्रम जारी छ। तर, जेनजी आन्दोलनकाक्रममा भारत र चीनले कब्जा गरेका हाम्रा भूभाग फिर्ता ल्याउनुपर्छ वा दे भनेर कसैले आवाज उठाएनन्। उल्टै जनताको रगतपसिनाबाट बनाइएको खर्बौंको सरकारी सम्पत्ति खरानी बनाइयो। नेपालीको इतिहास सिंहदरबार जलाइयो। खरानी बनाइयो। मुलुकको वैदेशिक ऋण २९ खर्ब ४२ अर्ब पुगिसक्यो। राज्यसँग पैसा छैन। न ऋण तिर्न न खर्च धान्न। जेनजी आन्दोलनमा विदेशी ऋणको पनि कुरा उठेन। यो ऋण मिनाहा गर्नुपर्छ वा थप ऋण लिनुहुन्न भनेर कसैले बोलेनन्। अर्को कुरा, देशभरका सरकारी, सार्वजनिक, गुठी,

बिहे गरेको ३५ दिनभित्र विवाह दर्ता गर्नुपर्छ। र, महिलाको पेटमा गर्भआएको सातदेखि दश महिनाभित्र शिशु जन्मिन्छ। त्यसरी जन्मिएको शिशुको ३५ दिनभित्र जन्म दर्ता गराउनुपर्छ। त्यसका लागि तीनपुस्ते चाहिन्छ। यता त्यो शिशु १६ बर्ष पुगेपछि नागरिकता बनाउनुपर्छ। जसअजुसार शुरुमा सम्बन्धित स्थानीय तहका वडाध्यक्षले तीनपुस्ते भिकेर नागरिकताका निम्ति सिफारिस दिन्छ। त्यो सिफारिससहित आमा, बुबाको नागरिकता र अभिभावकसहित जिल्ला प्रशासन कार्यालय जानुपर्छ। त्यहाँ पनि तीनपुस्ते विवरण लिइन्छ। अनि बिभिन्न प्रक्रिया पूरागरेर बल्ल नागरिकता दिइन्छ। यसरी नागरिकता पाएपछि ऊ नेपाली नागरिक ठहरिन्छ। १६ बर्षमा नागरिकता पाएतापनि बैंक खाता खोल्न र मतदानगर्न १८ बर्ष पुग्नुपर्छ। २१ बर्ष पुगेपछि निर्वाचनमा उम्मेदवारी दिन पाइन्छ। र, मुलुकको ऐन, कानून विपरीत कुनैपनि गतिविधि गरेमा उसले सजाय भोग्नुपर्छ।

ऐलानी, हदबन्दी बढी, वनजंगल, मठमन्दिर, ताल, पोखरीलगायतको जग्गा व्यक्तिको नाममा गएको छ। सरकारले देशभर २०२१, ०२८ र ०३२ सालमा जग्गा नापी गरेर जनताको जग्गाको लालपूर्जा जनतालाई नै दिएको थियो। त्यतिबेला नापीगर्न छुटेकोभन्दै ०३२ सालपछि भूमाफिया, व्यापारी, सरकारी कर्मचारी, कानून व्यवसायीको मिलेमतोमा सरकारी स्वामित्वको जग्गा व्यक्तिको नाममा लगियो। यसरी देशभरका लाखौं रोपनी सरकारी जग्गा व्यक्तिको नाममा लगिएको छ। तर, जेनजी आन्दोलनमा यसबारे पनि कोही बोलेनन्। सरकारी सम्पत्ति राज्यकै स्वामित्वमा आउनुपर्छ भनेर कसैले आवाज उठाएनन्। देशमा सबैभन्दा बढी घुसिया सरकारी कर्मचारी हुन्। कुनै काम लिएर सरकारी कार्यालय पुग्दा घुसबिना कर्मचारीहरु काम गर्दैनन्। जुन सारा जनताले भोगेका छन्। तर, जेनजीहरुले कर्मचारीहरुको सम्पत्ति छानबिन हुनुपर्छ, घुसिया, भ्रष्टाचारी कर्मचारीलाई कारवाही हुनुपर्छ भनेर आवाज उठाएनन्। त्यस्तै व्यापारीहरुले राज्यलाई अर्बौं राज्य छलेका छन्। जनतालाई गुणस्तरहीन सामान महँगोमा बेच्ने, राज्यलाई कर नतिर्ने, कामदारलाई शोषणगर्ने अनि आफू मोटाउने व्यापारीमाथि पनि जेनजीहरुले कारवाहीको आवाज उठाएका थिएनन्। आन्दोलनमा एउटैमात्र आवाज सुनिएको थियो-केपी चोर देश छोड। नेपालको संविधान, कानूनले जतिसुकै ठूलो गल्ती गरेपनि नेपाली नागरिकलाई देश निकाला र फाँसीको सजाय दिन नमिल्ने व्यवस्था गरेको छ। अनि कुन कानून, संविधानमा टेकेर जेनजीहरुले केपी चोर देश छोड भने ? ओली नेपाली नागरिक नभएको भए त्यसो भन्या भए सुहाउँथ्यो। तर, उनी नेपाली नागरिक हुन्। नेपालको संविधान, कानूनअनुरुप उनले नागरिकता लिएका छन्। अनि त्यो भन्नुको औचित्य। कि जेनजीहरुलाई चाँहि मुलुकको ऐन, कानून, संविधान थाहा नभएको ? ओलीले पदीय दुरुपयोग गरेर गल्ती वा भ्रष्टाचार गरेको भए अन्य नेपालीसरह उनले पनि जेल बसेर सजाय भोग्नुपर्छ। तर, देशबाट निकाल्नुपर्छ, मार्नुपर्छजस्ता अभिव्यक्ति कदापी स्वीकार्य छैन। किनकि संविधानले हरेक नेपालीको बाँच्न पाउने अधिकार सुनिश्चित गरेको छ। गृहमन्त्री ओमप्रकाश अर्यालले केही दिनअघि एक सञ्चारमाध्यममा काँग्रेस नेता एवं पूर्वमन्त्री दीपक खड्कालाई भ्रष्टाचारीको संज्ञादिँदै उनी देश छोडेर भागिसकेको अन्तवार्ता दिए। अन्य भ्रष्टाचारीलाई भने आफूहरुले देशभित्रै रोकेर राखेको उनको दाबी थियो। उनले अन्तवार्ता दिएकै भोलिपल्ट खड्का आफ्नै जलेको घरबाट सार्वजनिक भए। अहिले जनता गृहमन्त्री अर्याललाई सोध्छन्-आफू कामगर्न नसक्ने अनि जनतालाई भ्रममा पार्न अफवाह फैलाउने ? गृहमन्त्री र प्रधानमन्त्री मुलुकको सर्वोच्च हुन्। देशभरका जनताको उनीहरु अभिभावक हुन्। उनीहरुले बोल्दा वा कुनै पनि कामगर्दा एकदमै होसियार हुनुपर्छ। तर, अहिलेका गृहमन्त्री अर्याल केवल सीमित व्यक्तिहरुको गृहमन्त्रीजस्तो देखिन्छन्। कुनैपनि व्यक्ति भ्रष्टाचारी भए वा नभएको अदालतले ठहरगर्ने हो। गृहमन्त्रीले होइनन्। अदालतले ठहर नगरेसम्म कसैलाई भ्रष्टाचारी भन्न पाइँदैन। यद्यपि, कानून पढेका गृहमन्त्री अर्याललाई यतिसम्म हेक्का रहेनछ। त्यस्तै जेनजी अगुवा सुदन गुरुङले पनि केही समयअघि राजनीतिक दलका नेताहरुलाई भ्रष्टाचारीको आरोप लगाएर आउँदो चुनाव लड्नै नदिने बताए। काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह र सहकारी ठगी प्रकरणमा नख्खु कारागारमा रहेका रास्वपा सभापति रवि लामिछानेको पनि यही योजना देखिन्छ। पूराना नेतालाई जेल कोचेर आफूहरु राजा बन्ने उनीहरुको षड्यन्त्र देखिन्छ। तर, अब यो पूरा हुने छैन। किनकि जनताले यिनीहरुको असली रुप देखिसकेका छन्। सरकारले आगामी फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन तोकिसक्यो। सर्वोच्चसहितका अदालत रवि र उनका कार्यकर्ताले जलाएको आरोप छ। रवि जेलबाट भागेपछि देशभरका कारागारबाट कैदीबन्दी भागे। त्यसक्रममा सुरक्षाकर्मीको गोलीबाट दश कैदीबन्दीले ज्यान गुमाएभने भागेका कैदीबन्दी पुनः हत्या, हिंसा, अपराधमा संलग्न भइसकेका छन्। जेनजी आन्दोलनमा हाम्रो इतिहास सिंहदरबार जल्यो। यसको प्रमुख योजनाकार बालेन हुन्भन्ने जनताले बुझेका छन्। किनकि ०८० भदौ १६ गते आफ्नी श्रीमति चढेको सरकारी गाडी ट्राफिकले दुईमिनेट रोक्दा उनले सिंहदरबार जलाइदिने चेतावनी दिएका थिए। र, अहिले साँच्चिकै सिंहदरबार खरानी भएको छ। यसअघिका गृहमन्त्री रमेश लेखकले संस्था ऐन, २०३४, २०१८ र ०४९ संशोधनका निम्ति मन्त्रिपरिषद् लैजाने तयारी गरेका थिए। यी ऐनअन्तर्गत एनजिओहरु दर्ता हुँदैआएका छन्। यही ऐनअन्तर्गत ३०७ वटा यातायात समिति दर्ता भएका छन्। यी समितिले जनताले तिरेको करबाट बनेको बाटो किनबेच गरिरहेका छन्। नयाँ गाडी हाल्ने धनीसँग यी समितिले दुईदेखि १५ लाखसम्म असुल्छन्। १५ बर्षदेखि २६ वटा सामाजिक सञ्जालले नेपाल सरकारलाई सुको कर नतिरी व्यापार गरिरहेका छन्। यी सञ्जालले आफ्नो स्वार्थका निम्ति नेपालमा सामाजिक, सांस्कृतिक सद्भाव बिगारे। अनि यसलाई नियमन र राजस्व उठाउनुपर्छ भनेर तत्कालिन ओली सरकारले २६ वटा सामाजिक सञ्जालमाथि रोकलगाउनु गलत थियो र ? हाम्रो देशमा व्यवसाय गरेपछि हाम्रो देशको संविधान, ऐन, कानून मान्नुपर्छ भनेर ओली सरकारले त्यो कदम लिनु गल्ती हो ? त्यसो त विदेशी चलखेलमै अहिलेको सरकार बनेको हो। किनकि ओमप्रकाश गृहमन्त्रीमा नियुक्त हुनासाथ एनजिओहरुलाई कानूनी दायरामा ल्याउनगर्न लागिएको कानूनी संशोधन फिर्ता लिइयोभने सामाजिक सञ्जाललाई कानूनको दायरामा ल्याउन पनि केही गरिएको छैन। यस्तो पनि गृह प्रशासन हुन्छ ?

## नेपालका शहरी क्षेत्रमा बढ्दै गएको अब्यवस्था

काठमाडौं। नेपालमा काठमाडौं लगायतका अधिकंश शहरी क्षेत्रका फुटपाथहरुको दुरुपयोग हुनेगरेको छ। तर यसलाई रोक्ने र नियन्त्रणगर्ने प्रयासहरु भने भैरहेका छैनन्। एक बर्षमा १२ महिना हुन्छ भने बर्षमा ३६५ दिन। त्यसमध्ये ३६४ दिनको फोहोर ढोका बाहिर ल्याएर फ्याँकिन्छ। ढोका अगाडि पनि कहिल्यै सफा गरिएन। ढोका अगाडि बढार्नका लागि नगरपालिकाबाट कर्मचारी आउन पर्थ्यो। फोहोर दुर्गन्ध गन्हाएपनि सफा गरिँदैनथ्यो। आफ्नो घरअगाडि फोहोर थुपिदाँ, धुलैधुलो र हिलैहिलो हुँदापनि सफा गरिँदैन। तर, गत साता तीनगतेको दृश्य फरक थियो। सबैले धुइँका धुइँ आफ्नो आँगन सफा गरिरहेका थिए। कारण थियो-लक्ष्मी पूजा। रंगोली बनाउनका लागि सरसफाइ गरिएको हो। उपत्यकाका अधिकांश घर एकदेखि तीन आनामा बनेको छ। घरधनीले एक इञ्च पनि खाली जग्गा छोडेका छैनन्। उनीहरुले सडक अवरोध गरेर रंगोली बनाइरहेका थिए। जसका कारण पैदलयात्रीहरु ज्यान जोखिममा राखेर सडकबाट हिँड्न बाध्य भएका थिए। त्यसदिन फुटपाथ बढार्ने र पानी हालेर पखाल्ने काम भइरहेको थियो। उनीहरुले कारणले पैदलयात्रीले दुःख पाइरहेका थिए। फुटपाथ पखालेको पानीले पैदलयात्री भिजेका थिए। फुटपाथबाट हिँड्दाखेरि घरधनीहरु पैदलयात्रीलाई थर्काइरहेका थिए। उनीहरु भन्थें-आँखा छैनकि क्या हो। पूजागर्नलाई भर्खरै सफा गरेको, तलबाट हिँड्न सक्दैन। फुटपाथ पूजागर्ने ठाउँ होइन। सरकारले फुटपाथ पैदलयात्री हिँड्नका लागि बनाएको हो। तर, घरधनीहरुले कहिले फोहोर ल्याएर फुटपाथमा थुपार्छन् त कहिले पूजा गर्छन्। पैदलयात्रीलाई त्यसले साह्रो समस्या भइरहेको छ। घर बनाउँदा जग्गा छोड्न लोभलाग्ने, सबै ओगटेर बनाउने अनि फुटपाथ फोहोर पार्ने, पैदलयात्रीलाई दुःख दिने काम भइरहेको छ। घरधनीहरुले घरभित्र पूजा गर्छन्, चढाउने नाममा सडक फोहोर पार्छन्। उपत्यकाभित्रका घरधनीहरु सुकिलामुकिला छन्। हामी जति शिक्षित र बुझेको कोही छैन भनेर घमण्ड गर्छन्। कूल एकदेखि चार आना जग्गा भएकाले आफूजति धनी कोही छैन भन्ठान्छन्। अनि बाटोको जग्गा मिचेर घर बनाउँछन्। यस्ता मान्छे पनि शिक्षित ? यो भन्दा हास्यापद कुरा के होला ? एउटा पूजागर्ने ठाउँसमेत नभएकाहरु पूजिपूती ? उनीहरु शिक्षित होइनन्, लुटाहाहरु हुन्। जसले राज्यको सम्पत्ति लुटिरहेको छ। उनीहरुले कानूनको धज्जी उडाइरहेका छन्। गत तिहारमा अर्को एउटा रोचक दृश्य पनि देखियो। अरु बेला कुकुरलाई हिर्काउने, तातो पानी खन्याइदिने, लखेट्नेहरु कुकुरलाई माला लगाइदिएर फोटो खिचिरहेका थिए। हुन त काठमाडौं मानवता नभएकाहरुको बसोबास भएको जिल्ला हो। यहाँ ठग्ने, अरुले ल्याएको परिवर्तनको फाइदा उठाउने, अरुलाई दुःख दिने जमातको बसोबास छ। पटक,पटक भएको राजनीतिक परिवर्तनमा बाहिरी जिल्लाका जनताको योगदान छ। अन्य जिल्लाका जनता शहीद भएकोमा विकासचाँहि सरकारले काठमाडौंमा गरेको छ। यहाँका जनता फोहोर गर्छन्। उनीहरुले गरेको फोहोरको दुर्गन्ध नुवाकोटस्थित बञ्चरेडाँडाका स्थानीयले भोगिरहेका छन्। फोहोरको कारण त्यहाँको खेतीयोग्य जमिन मरुभूमि बन्दैगएको छ। काठमाडौंका बासिन्दालाई पानी पनि बाहिरी जिल्लाकै जनताले उपलब्ध गराइरहेका छन्। सिन्धुपाल्चोकको खेतीयोग्य जमिन बाँझो राखेर मेलम्चीको पानी यहाँ पठाइरहेको अवस्था छ। काठमाडौंमा **बाँकी ७ पेजमा**

# अन्तराष्ट्रिय

## विश्वमा बढ्दै गएका संकटहरु र राष्ट्रसंघले दिएका चेतावनीहरु

**कर्तव्य**

पछिल्ला महिनाहरुमा बिश्वमै बिभिन्न किसिमका आर्थिक, समाजिक, वातावरणिय र राजनीतिक संकटहरु बढिरहेका छन्। यस्तो अवस्थामा संयुक्त राष्ट्रसंघले आर्थिक संकट बढेको जनाउँदै शान्ति सेनामा कटौती थालेको छ। बिबिसी र सिएनएन लगायतका अन्तराष्ट्रिय समाचार माध्यमका पछिल्ला समाचार बिवरणहरु अनुसार संयुक्त राष्ट्रसंघले बजेट अभावका कारण द्वन्दरत मुलुकमा स्थापना भएका मिशनमा परिचालित शान्ति सैनिकको संख्या २५ प्रतिशसम्म कटौती गर्दैछ। राष्ट्रसंघको सो निर्णयबाट नेपालले पठाउँदै आएको शान्ति सैन्यको संख्या पनि कम हुने आंकलन गरिएको छ। विश्वका १२० भन्दा बढी देशका एकलाख २० हजार बढी शान्ति सैनिक राष्ट्रसंघमार्फत १४ वटा मिशनमा रही विश्वका बिभिन्न द्वन्दरत मुलुकमा शान्ति स्थापनाका लागि अहोरात्र खटिरहेका छन्। शान्ति स्थापनार्थ सैन्य परिचानका लागि राष्ट्रसंघको मुख्य आर्थिक श्रोतभनेको



सदस्य मुलुकबाट प्राप्त तोकिएको निश्चित सहयोग हो। केही सदस्य मुलुकबाट प्राप्त हुने आर्थिक सहयोग समयमै नआएको र केहीबाट उपलब्ध हुने भएपछि बजेट अभावमा शान्ति सैनिकको संख्या कटौतीगर्न लागिएको बताइन्छ। राष्ट्रसंघका मिशनमा अवश्यकताअनुरुप फौजको संख्या थपघट हुनेगरेको भएपनि पछिल्लो समयभने बजेट अभावकै कारण शान्ति सेनाको संख्या कटौतीगर्न लागेको हो। राष्ट्रसंघले फौजको संख्या घटाउँदा समानुपातिक सन्तुलन कायमगर्ने योजना बनाएको सेनाले जानकारी दिएको छ। नेपाली शान्ति सैनिक हाल विश्वका बिभिन्न द्वन्दरत मुलुकमा स्थापना गरिएका १० वटा मिशनमा तैनाथ छन्। हाल ५३८ महिला सैनिकसहित पाँच हजार ८१९ नेपाली शान्ति सेनामा परिचालित छन्। नेपाली शान्ति सैनिकले विश्वमै सहासिक, अनुशासित र व्यावसायिक च्याम्पियन सैनिकका‌रुपमा आफ्नो परिचय बनाइसकेको छ। यसअघि निलो हेलमेट धारी एकलाख ५९ हजार ६६४ नेपाली शान्ति सैनिकले राष्ट्रसंघको विश्वशान्ति अभियानमा योगदान पुऱ्याइ नेपाललाई सोही संख्यामा शान्ति पदक दिलाउन सफल भएको इतिहास छ। त्यसक्रममा विश्वमा द्वन्दग्रस्त मुलुकमा स्थापना भएका ४४ वटा मिशनमा कामगर्ने सिलसिलामा ७४ जना सैनिकको बलिदानी भएको छभने ७५ जना गम्भीर घाइते छन्। अर्कातिर उदीयमान राष्ट्रहरुको बढ्दो ऋण, भारी कर र वित्तीय असुरक्षाका कारण नियममा आधारित अन्तर्राष्ट्रिय व्यापार प्रणाली खतरामा परेको संयुक्त राष्ट्रसंघका प्रमुख एन्टोनियो गुटेर्रेसले बुधबार चेतावनी दिनुभएको छ। गुटेर्रेसले धेरै देशहरु ऋणको संकटमा फसेको र स्वास्थ्य र शिक्षामाभन्दा ऋण दाताहरुको सेवामा बढी रकम खर्च गरिरहेको बताउनुभएको छ । महासचिव गुटेर्रेसले गतसाता जेनेभामा व्यापार र विकाससम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलनमा विश्वव्यापी ऋण बढेको छ। गरिबी र भोकमरी अहिले पनि व्याप्त छ। अन्तर्राष्ट्रिय वित्तीय संरचनाले विकासोन्मुख देशहरुका लागि पर्याप्त सुरक्षा कवच प्रदान गरिरहेको छैन र नियममा आधारित व्यापार प्रणाली गलत बाटोमा जाने जोखिममा छ भन्नुभउको थियो। गुटेर्रेसले व्यापार र विकासले परिवर्तनको आँधीबेहरीको सामना गरिरहेको र विश्वव्यापी वृद्धिको तीन चौथाइ अहिले विकासशील देशबाट आएको छ, सेवाजन्य व्यापारमा वृद्धि भइरहेको छ र नयाँ प्रविधिले विश्व अर्थतन्त्रलाई बढावा दिइरहेको छ भन्नुभएको थियो। यद्यपि भूराजनीतिक विभाजन, असमानता, द्वन्द र जलवायु संकटले प्रगतिलाई सीमित बनाइरहेको संयुक्त राष्ट्रसंघका महासचिवले बताउनुभएको पाइन्छ। यसबाहेक, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले अन्य देशहरुमाथि व्यापक कर वृद्धिगरेको छ, जसले विश्वभर व्यापार तनाव निम्त्याएको छ। गुटेर्रेसले संरक्षणवाद केही परिस्थितिहरुमा अपरिहार्य हुनसक्छ तर यो तर्कसंगत हुनुपर्छ भन्नुभउको थियो। संयुक्त राष्ट्रसंघका प्रमुखले अनिश्चितता बढिरहेको, लगानी घट्ने र आपूर्ति श्रृंखलामा उथलपुथल मच्चिएकोभन्दै विकासोन्मुख देशहरुमा छिटछिटो परिवर्तन जारीरहेको चेतावनी दिनुभएको छ। उहाँले व्यापार अवरोधहरु बढिरहेका छन्, केही कम विकसित देशहरुले ४० प्रतिशतको करको सामना गरिरहेका छन्, जबकि उनीहरुको विश्वव्यापी व्यापार प्रवाहको एक प्रतिशतमात्र प्रतिनिधित्व रहन्छ भन्नुभएको छ। उहाँले हामी वस्तुका लागि व्यापार युद्धको बढ्दो जोखिम देख्छौं। हामी जनताको समृद्धि र कल्याणमा भन्दा मृत्युमा बढी लगानी गरिरहेका छौं भन्नै सैन्य खर्चको प्रवृत्तिले देखाउँछ भन्नुभएको थियो। गुटेर्रेसले यी खतराहरुको सामनागर्दै अघिबढ्दा अन्तर्राष्ट्रिय कार्यका लागि चार प्राथमिकताहरु रहेको बताउनुभएको छ। उहाँले निष्पक्ष विश्वव्यापी व्यापार र लगानी प्रणाली, विकासशील देशहरुको लागि वित्तीयकरण, अर्थव्यवस्थालाई प्रोत्साहितगर्न प्रविधि र नवीनता, र जलवायु उद्देश्यहरुसँग व्यापार नीतिहरु संरेखित गर्नुपर्नेमा जोड दिनुभएको छ। यसअघि संयुक्त राष्ट्रसंघका महासचिव गुटेरेसले विश्वभर अहिले पनि छकरोड ७३ लाख मानिस हरेक रात भोकै सुत्न बाध्य भइरहेको बताउनुभएको थियो। अक्टोबर १६ **बाँकी ७ पेजमा**

# नेपालको कृषि नीतिमा देखिएका त्रुटी र संभावनाहरु

कृष्णराज गौतम

## आर्थिक मञ्च

नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रले करिब २५ प्रतिशत योगदान गरेको भए पनि यस क्षेत्रमा भूमि तथा श्रमिकको उत्पादकत्व असाध्यै न्यून छ। नेपालमा किसान परिवारको संख्या करिब ४१ लाख ३० हजार रहेकोमध्ये वर्षैभरि खान नपुग्ने कृषक परिवारको संख्या करिब ५५ प्रतिशत रहेको पाइएको छ। करिब १० बर्षभन्दा माथिको ५७.३ प्रतिशत जनसंख्या कृषि पेशामा नै संलग्न रहेको पाइएको हो। कृषि गणना ०६८ को तुलनामा कृषिगणना ०७८ मा खेतीयोग्य जमिनको क्षेत्रफलमा करिब एकलाख ४५ हजार हेक्टरले कमी आई १४ लाख २९ हजार हेक्टर कायम हुनआएको छ। कृषियोग्य जमिन बाँझो रहनेक्रम पनि पछिल्ला दिनमा बढ्दैगएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव गोविन्द शर्माले बताउनुभएको छ। रासायनिक मलगायत कृषि उत्पादन सामग्रीहरुको उपलब्धतामा भएको कमी र अपेक्षाकृत कृषिको व्यवसायी करण र आधुनिकीकरण हुननसक्दा कृषि उत्पादन तथा उत्पादकत्वमा अपेक्षाकृत वृद्धि हुन नसक्दा कृषिजन्य उत्पादनको आयात बढ्दो छभने उत्पादित कृषि वस्तुहरुमा स्वच्छताको मात्रामा घटदैगएको छ।

कृषि भूमिको संरक्षण एवं उपलब्ध भूमिस्रोतको समूचित उपयोगगरी कृषि क्षेत्रलाई व्यवसायीकरण र आधुनिकीकरणगर्दै भूमिको उत्पादन र उत्पादकत्व अभिवृद्धीमार्फत नागरिकहरुमा खाद्य सुरक्षाको अनुभूत गराउन प्रमुख चुनौती छ। विश्व भोकमरी सूचकाङ्कमा नेपाल यसबर्ष ७२ औं स्थानमा रहेको छ। गतबर्ष नेपाल ६८ औं स्थानमा रहेको कृषि विभागले जनाएको छ। नेपालको संविधानको धारा ३६ मा खाद्य सम्बन्धी हकलाई मौलिक हककारुपमा व्यवस्था गरिएको छ। साथै संविधानको धारा ५१ मा कृषि र भूमिसुधार सम्बन्धी नीति र नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिहरु उल्लेख गरिएका छन्। खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको संरक्षणगर्न खाद्य ऐन-०२३, उपभोक्ता संरक्षण ऐन-०७५ र खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी ऐन-०७५ कार्यान्वयनमा ल्याइएको छभने खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी नियमावली पनि मस्यौदाभइ छलफलकोक्रममा रहेको सचिव शर्माले जानकारी दिनुभएको छ। सन् २०३५ सम्ममा नेपाललाई खाद्यान्नमा आत्मनिर्भर बनाउने लक्ष्यसहित कृषि विकास रणनीति-०७२ कार्यान्वयनमा ल्याइएको छ। करिब सातबर्ष अगाडि सरकारले नेपालमा खाद्य सम्प्रभूताको विषयलाई प्राथमिकतामा राखेर खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी ऐन ल्याएको छ। त्यसमा किसानले कृषियोग्य भूमि, बीउ बिजन र प्रविधि आवश्यकताअनुसार छनोटगर्न पाउने, खाद्यसम्बन्धी नीति निर्माण प्रक्रियामा किसानलाई सहभागिता जनाउने, खाद्य उत्पादनका प्रणालीसँग सम्बन्धित व्यवसाय रोज्न पाउनेजस्ता विषय समावेश गरिएको छ। खाद्य सम्प्रभूताले कृषि प्रणालीको निर्णायक भूमिकामा उत्पादनकर्ता किसानहरुको अधिकारलाई स्थापितगर्न खोजिएको छ। दिगो विकास लक्ष्य अन्तर्गत शून्य भोकमरीको नीति नेपालले अनुसरण गरेको छ। साथै विश्व खाद्य कार्यक्रम, सार्क खाद्यान्न बैंक, खाद्य तथा पोषण सुधार आयोजना, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम लगायतका कार्यक्रम तथा आयोजनाहरु कार्यान्वयनमा ल्याइएको विभागका महानिर्देशक प्रकाश सञ्जेलले जानकारी दिनुभयो। खाद्य तथा पोषण सुरक्षा योजनाका लागि राष्ट्रिय योजना आयोग, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, राष्ट्रिय खाद्य परिषद, प्रदेश खाद्य परिषद, स्थानीय खाद्य समन्वय समिति र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडजस्ता संस्थागत व्यवस्थाहरु रहेका छन्भने तीनै तहका सरकारको समन्वयमा खाद्य तथा पोषण सुरक्षा प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गरिँदैआएका छन्। विश्वव्यापी सहकार्यमा कुपोषण र भोकमरी जस्ता चुनौतीलाई सामनागर्न संयुक्त पहल र ऐक्यवद्धताका लागि विश्वव्यापीरुपमा हरेक बर्षको अक्टोबर १६ मा विश्व खाद्य दिवस मनाउने गरिन्छ। नेपालमा पनि ०३८ सालदेखि हरेक बर्ष विश्व खाद्य दिवस मनाउने गरिएको छ। सरकारले यसबर्ष स्वच्छ खाना र सुखद भविश्यका लागि हातेमालोभन्ने नारासहित ४५ औं विश्व खाद्य दिवस सम्पन्न गरेको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालय, खाद्य तथा कृषि संगठन र कृषि विभागको समन्वयमा विभिन्न कार्यक्रमको आयोजना गरेको हो। कृषि विभाग, खाद्य तथा कृषि संगठनलगायतको समन्वय र सहकार्यमा ४५ औं विश्व खाद्य दिवस सम्पन्न गरिएको छ। स्वच्छ खानाको उपलब्धता र समृद्ध भविश्य निर्माणमा संघ, प्रदेश र स्थानीय तहका कृषि क्षेत्रसंग सम्बद्ध सबै सरकारी एवं गैरसरकारी संघसंस्था समेतको समन्वयमा खाद्य तथा पोषण सुरक्षाका सन्दर्भमा जोड दिइएको छ। नेपालमा खाद्य सुरक्षाको स्थिति सुदृढ बनाउन संयुक्त राष्ट्रसंघीय निकाहरु, अन्तर्राष्ट्रिय संघ, संस्था एवं विकास साझेदारहरु, क्षेत्रीय संघ, संगठन र स्वदेशी संघसंस्था, कर्मशील किसान तथा कृषि उद्यमी व्यवसायीलगायतको संयुक्त योगदानको अपेक्षा गरिएको छ। शान्तिपूर्ण, दिगो, समृद्ध र खाद्य सुरक्षित भविश्यका लागि विश्वव्यापी सहकार्यगर्ने अभिप्रायले सन् १९७० को दशकमा विश्व परिवेशमा खाद्य सुरक्षाको अवधारणा विकसित भएको पाइन्छ।

अव्यवस्थित शहरीकरण, अनियन्त्रित बसाईसराई, अव्यवस्थित पूर्वाधार विकासलगायतका कारणलेगर्दा कृषि भूमि क्रमश: घट्दैगैरहेको अवस्था छ। औद्योगिक उत्पादनको अनुपातमा कृषि उत्पादनमा दु:ख र मुनाफा कम छ। बढ्दो शहरीकरणले कृषि भूमि घटदै जानु, वैदेशिक रोजगारी, परम्परागत खेती प्रणालीका कारण कृषि क्षेत्रमा नकरात्मक प्रभाव परेको छ। जलवायु परिवर्तनका कारण वातावरणीय क्षयीकरण अनि जनसंख्याको आकारमा वृद्धि, घटदो उत्पादनले खाद्य सुरक्षामा चुनौती थपिएको कृषि विभागका महानिर्देशक सञ्जेलले जानकारी दिनुभएको छ। बिभिन्न समयमा देखिने प्रकोप तथा महामारीले खाद्य अभावको समस्या सिर्जना हुनथालेको छ। विश्व परिवेशमा खाद्य सुरक्षा र खाद्य सम्प्रभूता विषय ठूलो समस्या बनेको छ। कृषि प्रणालीमा श्रमजीवी कृषकहरुको अधिकार स्थापित हुनसकेको छैन। खाद्य सम्प्रभूता अवधारणा सन् १९९६ डिएफ लाभिया कम्पेन्सिया आन्दोलनले भोकमरी बिनाको भविष्यभन्ने नारा तयगरी विश्व खाद्य सम्मेलन गरेको थियो। त्यसले विश्वव्यापी किसानहरुको उक्त कार्यक्रमले पहिलोपटक खाद्य सुरक्षाको कुरा ल्याएको हो। यस अवधारणा अन्तर्गत कृषि प्रणालीमा ससाना किसानहरुको आर्थिक तथा राजनीतिक संरक्षणका लागि विकसित भएको हो। पर्यावरणीय दिगोपनालाई दसष्टिगतगर्दै खाद्यवस्तुको उत्पादन र मूल्य निर्धारणमा उत्पादनकर्ता किसानको भूमिका महत्वपूर्ण हुने मान्यता राख्दछ। यस अवधारणमा विचौलियाले किसानको श्रमको शोषण हुँदैन। कृषि क्षेत्रलाई नविनतम सीप, प्रविधी प्रयोगबाट आधुनिकीकरणगर्ने, मल, बीउ, सिँचाइ र जैविक विविधताको प्रयोगमा किसानको पहुँच विस्तार, जनतालाई पर्याप्त, स्वच्छ र उपयुक्त खाद्यान्नको व्यवस्थापन तथा किसानको पहिचानसहितको सम्मान र उनीहरुको योगदानको मूल्यांकन, जनताको मागअनुसारको खाद्य आवश्यकता पूरा भएपछि मात्र बिक्रीगर्ने, कृषकहरुलाई सक्षम बनाइनेलगायत विषय खाद्य सम्प्रभुताका नीतिगत सिद्धान्त हो। खाद्य सुरक्षाअन्तर्गत आर्थिक, सामाजिक रुपमा मानिसले जुनसुकै क्षेत्रमा क्रियाशील रहे पनि पोषणयुक्त खाद्यको आवश्यकता पर्दछ। खाद्य वस्तु माथिको सुनिश्चित हुनुनै खाद्य सुरक्षा हो। खाद्य अभावमा हुने भोकमारीको सिकार हुनु हुँदैन र उपलब्ध भएका खाद्यवस्तु स्वास्थ्यकर, पोषिलो तथा गुणस्तरीय हुनुपर्छ। खाद्य सुरक्षाको अवधारणा सन १९७० को दशकमा आएको हो। खाद्य सुरक्षाले स्वदेश तथा विदेशबाट जसरी पनि आपूर्ति व्यवस्थापनगरी जनतालाई खाद्य सामग्री पहुँचमा पुऱ्याउनुपर्छ, खाद्य वस्तुको उपलब्धता, पहुँच र उपयोगमा सन्तुलन कायम गर्नुपर्दछ भन्ने प्रत्याभूति खोजेको हुन्छ। नेपाल कृषि प्रधान देश भएकाले कृषिनै यहाँको जीवन निर्वाहको मूल आधार हो। नेपालको कुल गार्हस्थ्य उत्पादनको २७ प्रतिशत हिस्सा कृषि क्षेत्रको योगदान छ।

आर्थिक सर्वेक्षणअनुसार कृषि क्षेत्रको वार्षिक वृद्धिदर औसत ३.२ प्रतिशत रहेको छ। धान, मकै, गहुँ, कोदो, फापर, तोरी, दाल यहाँको प्रमुख खाद्यबालीका रुपमा लिइएको छ। विगतमा कृषि वस्तुहरु निर्यात भई वैदेशिक मुद्रा आर्जन गरेकामा पछिल्लो चरणमा आयात हुने अवस्थामा छ। हिमाली र पहाडी भागमा खाद्यान्न उत्पादनले बर्षभर खान नपुग्ने अवस्था छभने खाद्यान्न उत्पादनको हिसवाले सबैभन्दा असुरक्षित कर्णाली प्रदेश देखिन्छ। समयमा वर्षा हुन नसकेका कारण मधेश प्रदेशमा पनि रोपाई पूराहुन नसकेको कृषि तथा पशुपंछी विकास मन्त्रालयले जनाएको छ। कृषि विभाग र खाद्यका लागि कृषि अभियानले १८ औं अन्तर्राष्ट्रिय ग्रामीण महिला दिवसका अवसरमा आयोजित भविष्यमुखी कृषिको मार्गचित्र समेत प्रस्तुत गरिएको छ। त्यसमा सरकारले जलवायु परिवर्तनका असरले वातावरण तथा कृषि क्षेत्रमा देखिएका समस्याको बिकल्पका रुपमा उक्त प्रणाली कार्यान्वयनका लागि तयारी गरेको जनाएको छ। अतिवृष्टी, अनावृष्टि, **बाँकी ७ पेजमा**

# जुनसुकै सरकार आएपनि नेपालमा सहकारी ठगहरुले सधै अन्मुक्ति पाउने ?

काठमाडौं। जुनसुकै सरकार आएपनि नेपालमा सहकारी ठगहरुले सधै अन्मुक्ति पाउने ? भन्ने प्रश्न यत्रतत्र भैरहेको देखिएको छ। सर्वसाधारण जनताले खेतबारी, घर, पुर्ख्यौली सम्पत्ति बेचेर, जीवनभर कमाएको वा विदेशमा रगत पसिना बगाएर कमाएको पैसा ६-७ बर्षअघि आँखा चिम्लेर सहकारीमा राखे। एकैजनाले एक लाखदेखि १२ करोडसम्म पैसा सहकारीमा राखेका थिए। सहकारीले १४ देखि २२ प्रतिशतसम्म डिपोजिटको ब्याज दिन्छु भनि बचतकर्तालाई लोभ्याएको थियो। बैंक, वित्तिय संस्थाले पनि ११ देखि १६ प्रतिशतसम्म ब्याजको प्रलोभन देखाए। सहकारीको नौंटकी धेरै नै हुन्थ्यो। बर्षमा एक चोटि बचतकर्ताहरुलाई पिकनिक लैजान्थ्यो भने बर्थडेमा विभिन्न गिफ्ट। बुढाबुढीलाई दोसल्ला ओढाएर सम्मान गरिन्थ्यो। पैसा तान्न सहकारीले अनेकौ प्रपञ्चगर्ने गर्थ्यो।

सहकारी कर्मचारी, अध्यक्ष, सञ्चालकहरु चाँहि कोट, पेन्ट लगाउँथे। कोही दुई पांग्रे त कोही चार पांग्रे गाडी चढ्थे। हरेकले दुईटा मोबाइल फोन बोक्ने। त्यो पनि स्मार्टफोन वा आईफोन। घाँटीमा सुनको मोटो सिक्री, हातमा सुनकै बाला। अनि सञ्चालक, अध्यक्ष, कर्मचारीहरु धनी देखेपछि आफ्नो रकम नडुब्ने आशामा मानिसहरुले सहकारीमा पैसा राखे। सहकारी बजार प्रतिनिधिहरु बिहान १० बजेदेखि ५ बजेसम्म खट्थे। उनीहरुको तलब पद वा अनुभवअनुसार १० हजारदेखि ५० हजारसम्म हुन्थ्यो। सहकारी अध्यक्ष, सञ्चालकहरु चाँहि दिउँसो एकबजे कार्यालय आउँथे अनि केही घण्टा काम गरेर घर जान्थे। उनीहरुको तलब चाँहि लाखौं हुन्थ्यो। सहकारी होस् या बैंक, अन्य वित्तिय संस्थाको कार्यालयमा बचतकर्ता, ऋणी जाँदा जाडोमा गर्मी र गर्मीमा जाडो हुन्थ्यो। किनकि त्यहाँ महँगो एसी राखिएको हुन्थ्यो। अनि बचतकर्ता र ऋणीलाई लोभ्याउन चिसो र तातो खुवाउने। उनीहरुसँग मिठो बोली बचन गरिन्थ्यो। हाँसी हाँसी फसाइन्थ्यो। बैंक, सहकारी वा अन्य वित्तिय संस्थाले दुई करोडको धितो राखेर एक करोड कर्जा दिन्थे। त्यसमा दश लाख त घुसै। सेवाशुल्क दुई प्रतिशत। ब्याज १६ देखि १८ प्रतिशत भनेर ८० प्रतिशतसम्म असुल्ने। अनि तीनकिस्ता नतिर्नेबित्तिकै दुई करोडको धितो ९० लाखमै पचाइदिने। यो कुरा केबल बैंक, सहकारी, वित्तिय संस्थाबाट पीडित भएकाहरुलाई थाहा थियो। यिनीहरुको बाहिर रुप एउटा र भित्री अर्कै भएको धेरै सर्वसाधारणलाई थाहा थिएन। जसका कारण ऋणीसँगै बचतकर्ता पनि डुब्नुपर्यो। बैंक, सहकारी, वित्तिय संस्थाहरुको विशेषत: कर्जा लगानी घरजग्गा, गाडी, सेयरमा पाइन्छ। यी वस्तु विलासित हुन्। दलालीहरुले कृत्रिम रुपमा यसको मूल्य बढाएका हुन्। यद्यपि, अरुलाई ठग्ने बैंक, वित्तिय संस्थाहरुले आफू खाल्टोमा परेको कुरा चाँहि बुझेनन्। त्यसैको परिमाणमा पहिलो चरणमा सहकारी डुबेको हो।

मै हुँ भन्ने सहकारीहरु घरजग्गा, गाडी र सेयरमा लगानी गरेकै कारण एकाएक भाग्नुपर्यो। डुब्नुपर्यो। हिजो कोट, पेन्ट लगाएर चिल्लो गाडीमा चढ्ने सहकारी सञ्चालक, अध्यक्ष, कर्मचारीहरु आज मास्क लगाएर लुकीलुकी हिँडिरहेका छन्। कतिपय त देशै छोडेर भागिसके। अब पालो बैंकको हो। जग्गा पाँच दशकअघि १० हजार रोपनीमा बिक्रि हुदैन्थ्यो। एक रोपनीमा १६ आना हुन्छ। दलालीहरुले खेतको पाटोमा डोजर चलाएर टुक्राटुक्रा पारे। अनि त्यँही टुक्रालाई आना नाम दिएर आनाकै २५ लाखदेखि करोडौंमा बेचे। गाडी सिसा, फलाम, प्लाष्टिक, रबरलगायतबाट बन्छ। यी वस्तुको कबाडीले दुई रुपैयाँ किलो दिन्छ। छिमेक भारत र चीनले कबाडीले दुईरुपैयाँ किलोमा नलैजाने सामानबाट गाडी बनाए। अनि हामीलाई लाखौंमा बेचे। त्यही गाडी फेरि अटो शोरुमहरुले सर्वसाधारणलाई सयौं गुणा बढी मूल्य अर्थात् एक लाखको गाडी २० देखि ५० लाखसम्ममा बेचे। यस्तै, सेयर बैंक, वित्तिय संस्था, जलविद्युत कम्पनीहरुले एक सय रुपैयाँ प्रतिकित्तामा निष्काशन गरेका हुन्। सेयरमा पनि सीमित व्यक्तिहरुको चलखेल छ। उनीहरुले मूल्य बढाउने र घटाउने गर्छन्। अनि फस्छन् चाँहि सोझासाझा जनता। ३२०० पुऱ्याइएको सेयर अहिले २४ सयमा झरिसक्यो। अब एक हजारमा झार्ने बजारमा चर्चा छ। अहिले बल्ल आएर मानिसहरुले बुझेका छन् कि घरजग्गा, गाडी र सेयर विलासित वस्तु हुन्। यसमा लगानी गर्नुहुन्न। तर, डुबेपछि थाहा पाएर केगर्नु। घरजग्गा, गाडी र सेयरमा मन्दी आउनासाथ सहकारी भाग्यो। दलालीहरुको **बाँकी ७ पेजका**

## समाचार विविध

# दुतावासहरु कामचलाउको अवस्थामा

काठमाडौं। बर्तमान काम चलाउ सरकारले बिभिन्न ११ देशका दुतावासहरुलाई पनि कामचलाउको अवस्थामा पऱ्याएको छ। प्राप्त समाचारअनुसार गतसाता बसेको मन्त्री परिषद्को बैठकले ११ मुलुकका नियोगहरुबाट राजदूत फिर्ता बोलाएपछि नियोग प्रमुखको जिम्मेवारी त्यहाँ कार्यरत परराष्ट्र मन्त्रालयका कर्मचारीहरुले सम्हाल्नुपर्ने अवस्था सिर्जना भएको छ। राजदूत फिर्ता भएका मुलुकमा नयाँ नियुक्ति नगर्ने अन्तरिम सरकारको नीतिका कारण ती सबै मुलुकस्थित नियोगमा परराष्ट्रकै कर्मचारीहरुले कार्यबाहक राजदूतकारुपमा जिम्मेवारी सम्हाल्नुपर्ने अवस्था सिर्जना भएको हो। मन्त्री परिषदले चीन र अमेरिकासहित ११ मुलुकका राजदूतहरु फिर्ता बोलाउने निर्णय गरेको थियो। त्यसमध्ये अमेरिका र चीनमा सहसचिव तहका कुटनीतिक अधिकारीहरु उपनियोग प्रमुखकारुपमा कार्यरत छन्। त्यसैले राजदूत लोकदर्शन रेग्मी अमेरिकाबाट फिर्ता भएसँगै त्यहाँ उपनियोग प्रमुख रहेका परराष्ट्र मन्त्रालयका सहसचिव शरदराज आरणले कार्यबाहक राजदूतको जिम्मेवारी सम्हाल्ने हुनुभएको छ। त्यसैगरी चीनका लागि नेपाली राजदूत डा कृष्णप्रसाद ओलीको फिर्तीसँगै अर्की सहसचिव रोशन खनालको काँधमा कार्यबाहक राजदूतको जिम्मेवारी आइपर्ने भएको छ। कुनै मुलुकमा राजदूत पद खालि हुनासाथ स्वत: उपनियोग प्रमुखकारुपमा रहेका परराष्ट्रका अधिकारीले कार्यबाहक राजदूतको जिम्मेवारी सम्हाल्ने गर्छन्। जसका लागि मन्त्री परिषद वा परराष्ट्र मन्त्रालयले कुनै छुट्टै निर्णय गर्नुपर्दैन। अरु बेला पनि राजदूतहरु बिदामा रहनुभएको वा राजदूत पद खालि रहेका बेला उपनियोग प्रमुखले स्वत: कार्यवाहक राजदूतको जिम्मेवारी सम्हाल्ने चलन छ। जर्मनीका लागि नेपाली राजदूत डा शैल रुपाखेती फिर्ता भएपछि उपनियोग प्रमुख सागर फुयाल, जापानका लागि राजदूत डा दुर्गाबहादुर क्षेत्री फिर्ता भएपछि उपनियोग प्रमुख हरिहरकान्त पौडेल, मलेसियाका लागि नेपाली राजदूत डा नेत्रप्रसाद तिमिल्सिना फिर्ता भएपछि उपनियोग प्रमुख मुदिता बज्राचार्य, कतारका लागि नेपाली राजदूत रमेशचन्द्र पौडेल फिर्ता भएपछि उपनियोग प्रमुख कुमार राईले जिम्मेवारी सम्हाल्ने हुनुभएको छ। त्यसैगरी संयुक्तअधिराज्यका नेपाली राजदूत चन्द्रकुमार घिमिरे फिर्ता भएपछि उपनियोग प्रमुख विपिन घिमिरे, साउदी अरबका लागि नेपाली राजदूत नरेशविक्रम ढकाल फिर्ता भएपछि उपनियोग प्रमुख सिर्जना अधिकारीले कार्यवाहक राजदूतको जिम्मेवारी पाउने हुनुभएको छ। स्पेनका लागि नेपाली राजदूत सनील नेपाल फिर्ता भएपछि उपनियोग प्रमुख रहेका अधिकृत पूरक अधिकारीले कार्यबाहक राजदूतको जिम्मेवारी लिनुपर्ने अवस्था छ। त्यसैगरी इजरायलका लागि नेपाली राजदूत प्रा धनप्रसाद पण्डित फिर्ता भएपछि उपनियोग प्रमुख अधिकृत कुमारबहादुर श्रेष्ठले कार्यबाहक राजदूतको जिम्मेवारी सम्हाल्नु हुनेछ। फिर्ता बोलाइएका ११ जना राजदूतमध्ये कृष्णप्रसाद ओली (चीन), लोकदर्शन रेग्मी (अमेरिका), चन्द्रकुमार घिमिरे (बेलायत), नेत्रप्रसाद तिम्सिना (मलेसिया), रमेशचन्द्र पौडेल (कतार), जंगबहादुर चौहान (रुस) एमाले तथा प्रा धनप्रसाद पण्डित (इजरायल), डा शैल रुपाखेती (जर्मनी), नरेशविक्रम ढकाल (साउदी अरेविया) र सनिल नेपाल (स्पेन) कांग्रेस कोटाबाट राजदूत हुनुभएको थियो।

# निर्माण व्यवसायी महासंघद्वारा विरोध

काठमाडौं। निर्माण व्यवसायी महासंघले पछिल्लो समय विकासे मन्त्रालहरुले रुग्ण आयोजनाको ठेक्का अन्त्य गरिरहेकोभन्दै नेपाल विरोध गरेको छ। महासंघका अध्यक्ष रवि सिंहले ठेक्का अन्त्यगर्ने कदम सुन्नमा अत्यन्तै कर्णप्रिय भएपनि त्यसको परिणाम नहेरिएको बताउनुभएको छ। उहाँकाअनुसार ठेक्का अन्त्यपछिको परिणामलाई सरकारले समेत हेरेको छैन। रुग्ण रहेको ठेक्कालाई अन्त्य गर्दैगर्दा सरकारले रुग्ण ठेक्काको कारण पहिचान गर्नुपर्छ। ठेक्का अन्त्यगर्दा सरकारले कारण पहिचानगर्न जरुरी रहेको बताउनु भएको छ। साथै त्यसको जिम्मेवार को हो ? कम्पनी कत्तिको जिम्मेवार छ भन्नेकुराको हेक्का राख्नुपर्ने उहाँको भनाई छ। समाचारदाताहरुसँग कुरगर्दै उहाँले सरकारले रुग्ण रहेका ठेक्का अन्त्य गर्दाखेरी कारण पहिचान गर्नुपर्ने बताउनु भएको छ। त्यसअघि सडक र पुल निर्माणका लागि ठेक्का सम्झौतागरी काम नगरेर वर्षौंदेखि अलपत्र पारिएका थप ५० रुग्ण ठेक्का तोड्ने प्रक्रिया शुरुभएको भनिएको थियो। सडक विभागअन्तर्गत पुष्पलाल (मध्यपहाडी) राजमार्ग, संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय काठमाडौं, इटहरी, जनकपुर, पोखरा र सुर्खेतमातहतका सडक डिभिजन कार्यालयले रुग्ण अवस्थामा रहेका ५० वटा ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाएका छन्। सडक डिभिजन कार्यालय जनकपुरले २१, काठमाडौंले सात, ओखलढुंगा तथा अछाम डिभिजनले पाँच,पाँच, पाल्पा तथा दमौलीले चार,चार र धनकुटा, पोखरा, मध्यपहाडी तथा गोरखा सडक योजनाले एक,एक गरी ५० वटा ठेक्का किन नतोड्नेभन्दै सार्वजनिक सूचना जारी गरिएको थियो। शहरी विकासमन्त्री कुलमान घिसिङले ठेक्का लिने तर काम नगर्ने र आयोजना अलपत्र पार्ने प्रवृत्ति अन्त्यका लागि रुग्ण ठेक्का तोड्न मातहतका निकायलाई निर्देशन दिनुभएको थियो। भनिन्छ सडक अन्तर्गत २५८ ठेक्का रुग्ण छन्। ठेक्का तथा योजनाको पटकपटक म्याद थपभई तोकिएको अवधिमासमेत निर्माणकार्य सम्पन्न गर्नेतर्फ चासो नदेखाई निर्माण अधुरो तथा अलपत्र परी निर्माण व्यवसायी लामो समयदेखि कार्यस्थलमा भौतिक रुपमा उपस्थित नभएर आधारभूतरुपमा ठेक्का उलंघन गरेको उल्लेख गरिएको छ। बिभिन्न मितिमा लिखित तथा मौखिकरुपमा कार्य सम्पन्नगर्न अनुरोध तथा जानकारी गराउँदासमेत निर्माण व्यवसायीबाट निर्माण सम्पन्नतर्फ कुनै चासो नदेखाई ठेक्का सम्झौता उलंघन गरिएको जनाइएको छ। सूचना प्रकाशित भएको १५ दिनभित्र काम सम्पन्नगर्न सक्ने संशोधित कार्यतालिका, स्रोत साधन परिचालनको भरपर्दो योजना, कार्य सम्पन्न गर्ने प्रतिबद्धता र ठेक्का नतोड्ने कुनै मनासिब कारण भए सत्यतथ्य प्रमाण राखी स्पष्टीकरणसहित आधिकारिक व्यक्ति कार्यालयमा उपस्थित हुन सार्वजनिक आह्वान गरिएको छ।

# नेपाल-चीनबीच मितेरी पुल बन्दै

काठमाडौं। नेपाल चीनबीच मितेरी पुल बन्दैछ। नेपाल-चीनबीच ल्हेन्देखोलाको मितेरी पुल पुन:निर्माण कार्य अन्तिम चरणमा पुगेको हो। चीन सरकारद्वारा निर्माणाधीन बेलिब्रिजका लागि चाहिने पार्टपुर्जा जडान तथा दुवै देशको भूभागमा पिलारसमेत ठड्याउने काम भइसकेको र हाल फिटिङ गरेको स्थानबाट पाँच मिटर पूर्वतर्फ सार्न बाँकी रहेको सीमा क्षेत्रमा रहेका सीमासुरक्षा अधिकारीले बताएका छन्। सो स्थानमा रहेको पक्की मोटोरेबल पुल गत असार २४ गते ल्हेन्देखोलामा आएको बाढीले बगाएपछि चीन सरकारले पुल निर्माणको पुन:निर्माण कार्य शुरुगरेको हो। वारी,पारीको भाग जडान कार्य पूरा हुँदैजाँदा सो बेलिब्रिजको बीच भाग लच्किएपछि त्यसलाई मजबुत बनाउन चिनियाँ प्राविधिकले पुलको आधा भागमा पर्नेगरी खोलाको माझमा थप सपोर्ट **बाँकी ७ पेजका**

## जुनसुकै..

पनि भागाभाग चलेको छ। बैंकसमेत संकटमा परेको अवस्था छ। त्यस्तै, देशभर दर्ता भएकामध्ये ९५ प्रतिशत सहकारी भागे वा डुबे। सञ्चालनमा रहेकाले समेत बचतकर्ताको निक्षेप फिर्तागर्न सकेका छैनन्। बचतकर्ताहरु दशैं, तिहारमा निक्षेप फिर्ता माग्दै सहकारी पुगे। तर, रित्तो हात फर्किए। उल्टै सहकारी अध्यक्ष, सञ्चालकहरुले बचतकर्तालाई ठग्न खोजे। निक्षेपको साटो घरजग्गा, गाडी र सेयर लैजानु भने। तर, मूल्य सुन्दा आश्चार्यचकित। एकलाख आना नपर्ने दुर्गम जिल्लाको जग्गालाई २५ लाखदेखि ५० लाख भन्ने। थोत्रा चार पांग्रे गाडीको ५० लाख अनि सेयर प्रतिकित्ता तीन हजार भन्ने। फेरि यो नलिएर सिधैं बचत फिर्तागर्न सक्दैनौं भन्ने। हिजो पैसा चाँहि हाँसी हाँसी लैजाने, जहिल्यै माग्नुहुन्छ, उत्तिबेलै दिन्छौं भन्ने। अनि अहिले चाँहि यस्तोगर्न पाइन्छ। अझै पनि सहकारीहरलाई सर्वसाधारण ठगेर नपुगेको यसबाटै थाहा हुन्छ। हुन त सहकारीलाई जनता ठग्न सरकारले नै लाइसेन्स दिएको हो। टोलटोलमा सहकारी, घरघरमा धान भकारीभन्दै सहकारीमा पैसा राख्न लगाइयो। अहिले डुबेपछि चाँहि सरकारले पनि बचतकर्तासँग मुख फेरेको छ। न निक्षेप फिर्ता दिलाउन पहल गर्छ न ठग सहकारी अध्यक्ष, सञ्चालकलाई कारवाही गर्छ। यतिसम्म कि पीडित बचतकर्ताले सहकारीविरुद्ध उजुरीसमेत दिन पाएका छैनन्। कानूनअनुसार सहकारीको दश प्रतिशत सदस्यले उजुरी दिएमामात्र सम्बन्धित निकायले उजुरी लिन्छ। अनि बचतकर्ताहरुले एकअर्कालाई चिन्दैनन्। अनि कसरी एकसाथ उजुरी दिने। प्रमाण पेश गरेपछि त उजुरी दिन पाउनुपर्ने हो नि। यहाँ त सरकारले नै बचतकर्तालाई पीडा दिने काम गरिरहेको छ। सरकार भन्छ-कसैले ठगेमा उजुरी दिनु। कानून चाँहि ठगहरुको हितमा बनाउने अनि पीडितले कसरी उजुरी दिने ? आखिर जुनसुकै सरकार आएतापनि न बचतकर्ताको पैसा फिर्ता आउने देखिन्छ न सहकारी ठगहरुमाथि कारवाही। नेपालमा यस्तो अवस्था कहिलेसम्म रहने ? यो सबैको चिन्ताको बिषय छ।

## नेपालको..

सुख्खा, खडेरी, डुबान तथा पहिरोका कारण पूराना बालीनाली पहिलेको जति उत्पादन दिन नसकेकाले कृषिमा अनुकूलता ल्याउन जलवायुमैत्री कृषि प्राणालीलाई अंगाल्नुपर्नेमा जोड दिइएको छ। देश तथा किसानको हितको लागि अबको मार्ग भनेको जलवायु परिवर्तन न्यूनीकरणगर्नु, जलवायु परिवर्तनको असरबाट कृषिलाई बचाउनु, बढ्दो जनसंख्यालाई दृष्टिगतगर्दै कृषि उत्पादनमा वृद्धि गर्नुपर्ने मन्त्रालयका सहसचिव एवं योजना महाशाखा प्रमुख रामकृष्ण श्रेष्ठले बताउनुभयो। सन् २०३० सम्ममा करिब ६७ करोड मानिसहरु दीर्घकालीनरुपमा कुपोषित हुने अनुमान गरिएको जानकारीदिँदै उहाँले यसले भोकमरी उन्मुलनको दिगो विकास लक्ष्य हासिलगर्ने ठूलो चुनौती रहेको अवस्थालाई संकेत गरेको बताउनुभयो। खाद्य सुरक्षा प्रणाली रुपान्तरण आवश्यक रहेको बताउँदै खाद्य बालीको उत्पादनमा सुधार गर्न वैज्ञानिक विधिको प्रयोग, जलवायु अनुकूल प्रजातिको प्रवर्द्धन गर्नुपर्ने आवश्यकता छ। पर्यावरणीयमैत्री कृषि मार्ग अहिलेको उपयुक्त बिकल्प रहेकाले पूराना वातावरणमैत्री कृषि क्रियाकलापहरुदेखि पछिल्लो विकसित कृषि प्रविधिलाई जोडेर कृषि प्रणालीको बिकल्प खोजीगर्न जरुरी छ। खाद्यका लागि कृषि अभियानका संयोजक उद्धव अधिकारीले जलवायु परिवर्तनका असरहरुबाट कृषि क्षेत्रलाई संरक्षण गर्नुपर्ने बताउदै खाद्य सुरक्षा र कृषिको सम्बन्धमा जलवायुमैत्री कृषि प्रणालीले कृषि उत्पादनलाई दिगोरुपमा अगाडि बढाउनुपर्ने बताउनुभएको छ। रासस

## नेपालमा..

कर सस्तो छैन। त्यसको दुरुपयोगगर्न पाइँदैन। जसले कामगर्न सक्दैन, उसलाई हटाऔं। कामगर्न सक्नेलाई भर्ति गरौं। अनिमात्र कर्मचारीहरुको चेत खुल्छ। जनता खाईनखाई कर तिर्ने अनि कर्मचारी, प्रहरीचाँहि बसिबसि खाने ? कर्मचारीको काम जनतालाई छिटोछरितो सेवा दिने, बजार अनुगमन गर्नेलगायत हो। त्यसैगरी, प्रहरीको मुख्य दायित्व कानूनको कार्यान्वयनगर्ने हो। तर, दुवै निकाय आफ्नो दायित्व निर्वाहगर्न चुकेका छन्। चाडपर्वमा धैरै सर्वसाधारण घर जान्छन्। सरकारले दशैंमा पनि प्रभावकारी रुपमा अनुगमन गरेन। देखाउनका लागिमात्रै कहींकतै अनुगमन गरेकोजस्तो गरियो। थोत्रा, पूराना गाडीहरु समेत चलाइयो। यात्रुहरुसँग बढीबढी भाडा असुलियो। तिहारमा पनि उहीं अवस्था छ। ढोकैसम्म यात्रु झुण्ड्याएर यात्रा गराइरहँदा ट्राफिक प्रहरी के हेरेर बसिरहेको छ ? किन सवारी साधन अनुगमन नगरेको ? हुन त यात्रुले तोक्केको भन्दा बढी भाडा तिर्नुपरेको यसपटक मात्र होइन। बिगतमा पनि दोब्बर भाडा तिरेर यात्रु चाडपर्वमा घर गइरहेका थिए। नयाँ सरकार बनेकाले यस पटक केही परिवर्तन होला। तोक्कै भाडादरमा सिटमा बसेर घर जान पाइएला भन्ने जनताको अपेक्षा थियो। जुन पानी पानी भयो। यातायात व्यवसायी न कहिले सुध्रिन्छन् न सरकारले उनीहरुलाई ठीक ठाउँमा ल्याउन सक्छ। देश र जनताको हितमा काम गर्छुभनेर सरकार गठन भएको हुन्छ। सरकारको प्रमुख काम कानून कार्यान्वयन गरेर सुशासन कायमगर्ने हो। यदि आवश्यक कानून रहेनछभने अध्यादेशमार्फत ल्याउन सकिन्छ। अध्यादेश प्रमाणिकरणका लागि राष्ट्रपति छन्। तर, गृह मन्त्रालय त्योपनि गर्दैन। सरकार यसरीनै आफ्नो दायित्व बिर्सिंदै जाने होभने देशमा कानून उल्लंघनकर्ताहरु हावी हुँदैजान्छन्। जे गरेपनि सरकारले केहीगर्न सक्दैनभन्ने मानसिकता उनीहरुमा विकास हुन्छ। सरकारले एउटालाई कारवाही गरेपछि अर्को डराउँछ। जुन कुरा सरकारले बुझ्न आवश्यक छ। कानून तोड्नेलाई नछोडौं। नत्र जनताहरुका विश्वास सरकारबाट उठ्छ। देशमा सुरक्षा छैनभन्ने जनताको मनमा पर्छ। भदौ २३ र २४ गतेको प्रदर्शनपछि जनता भयवित छन्। सार्वजनिकपछि निजी सम्पत्तिमा भएको क्षतिले देशमा सुरक्षा छैनभन्ने जनतामा परेको छ। यसप्रति सरकार सचेत रहोस्। सरकारले कानून उल्लंघन गर्नेहरुलाई छोड्दै जाने होभने जनता यहाँ बस्न सक्दैनन्। विदेश जानेहरु बढ्छन्, देश खाली हुन्छ। विदेशीको हस्तक्षेप देशमा बढ्छ। यो सबैले बिचार गर्नुपर्ने बिषय हो।

## बिश्व..

राज्यहरुले गर्नुपर्ने नागरिकको सुरक्षा अनि जीवनलाई अझ स्तरीय तुल्याउनका निम्ति नीति निर्देशनको अभाव त्यहाँ प्रष्ट देखिएका कुरा हुन्। अधिकांश यूरोपेली देशहरुले आप्रबासन सम्बन्धमा कडा नीति अपनाउन सक्छन्। यता एशियाको भारत समेत अन्य विकासशील तथा एशिया, अफ्रिका र दक्षिण अमेरिकाका गरीब देशहरुका मानिसहरुको विकसित देशहरुमा अबैध किसिमले जाने कुरा अझ कठीन हुनजाने छ। अमेरिकामा सबैभन्दा बढी अवैध अप्रबासी त्यसका छिमेकी देश मेक्सिको, भेनेजुएला, र ग्वाटेमालाका छन्। ब्लूबर्गको एउटा प्रतिबेदनअनुसार भारतका पनि अहिले १८००० जति अबैध आप्रबासी अमेरिकामा रहेका छन्। अहिले ट्रम्पले ती सबै आप्रबासीहरुलाई तारो बनाएका र अपमाजनक किसिमले लखेटिरहेका छन्। यो समस्यासँग भारत पहिलादेखि नै पनि जुधिरहेको बताइन्छ। १९७० को दशकमा बंगलादेश बने पछिदेखि बाँग्लादेशबासीको घुसपेठ हुन थालेको र त्यो अहिलेसम्म जारी रहेको भारतको दाबी छ। आजभन्दा १८ बर्ष पहिला भारतका एकजना गृह राज्यमन्त्रीले भनेका पनि थिएकि भारतमा १.२ करोड अवैध बंगलादेशी छन्। अनि अलिपछि २०१४ मा भारतीय सीबीआईका एकजना पूर्ब निर्देशकको भनाइअनुसार पछि त्यसको संख्या पाँच करोडभन्दा बढी भइसकेको थियो ? भारतको अधिकांश हिस्सामा बंगलादेशी घूसपैठियाहरु ठूलो संख्यामा भारतमा बस्न आएको पनि बताइन्छ। तीसँग दलालहरु तथा स्थानीय नेताहरुको साँठगाँठको कारणलेगर्दा नागरिकता सम्बन्धि नक्कली दस्तावेज र राशन कार्ड पनि रहेको बताइन्छ। यसरी सरकारले दिने राशनकार्ड पनि तिनले पाएका छन्। अनि सरकारले बनाएका लोककल्याणकारी योजनाहरुको लाभ पनि तिनले उठाएका छन्। तिनलाई हटाउने कुरा भारत सरकारले गर्ने गरे पनि त्यो काम अहिलेसम्म गर्न नसकेको भारतीय बिश्लेषकहरु नै बताइरहेका छन्। त्यसले गर्दा भारतको पश्चिम बंगाल र असम राज्यको जनसख्यामाथि ठूलो चाप बढेको पनि उनीहरु औंल्याउँदछन्। ती दुइ प्रदेशका कयौं जिल्लामा बंगलादेशी घूसपेठ गर्नेहरुको संख्या ती राज्यका कतिपय जिल्लाका मूलबासीभन्दा बढी पुगिसकेको औंल्याइन्छ। बर्माबाट बिस्थापित भएका रोहिंग्या मुसलमानहरुको संख्या पनि बढिरहेको छ। भारतको गृह मन्त्रालयको रिपोर्ट अनुसार बिना दस्ताबेज भारतमा बस्ने रोहिंग्या मुसलमानहरुको संख्या पनि ४०,००० भन्दा बढी पुगिसकेको त्यहाँको गृह मन्त्रालयले बताएको छ। स्वतन्त्र ब्यापारिक कारोबारमाथि अमेरिकाका राष्ट्रपतिले लगाउने घोषणा गरेको ब्यापार प्रतिबन्ध र थप ठूलो करभारले गर्दा आजको बिश्व ब्यापार प्रभावित हुन्छ नै। तर त्यसरी प्रतिबन्ध र ठूलो कर लगाउनुको कारण भने उनले अमेरिकाको बढ्दो ब्यापार घाटा, आयातमा बृद्धि र निर्यातमा कमी बताएका छन्। चीन, भारत, ब्राजील र अन्य देशहरु जो अमेरिकाका ठूला ब्यापारिक साझेदार हुन् तिनमाथ ठूलो कर लगाउने डोनाल्ड ट्रम्पको धम्कीले ती देशहरुको हितमाथि कुठाराघात हुने देखिन्छ। अन्तर्राष्ट्रिय बित्तिय तथा अन्य संस्थाहरु विश्व व्यापार संगठन, विश्व स्वास्थ्य संगठन आदिमाथि पनि राष्ट्रपति ट्रंम्पका नीतिहरुको असर पर्ने छ। कर बृद्धिलाई लिएर यसरी एकतर्फी नीतिको घोषणागर्नु बिश्व ब्यापार संगठनका प्राबधानहरुको खुलमखुल्ला उल्लंघन त हुन्छ नै। जलवायु परिबर्तन सम्बन्धि पेरिस सम्झौताबाट बाहिरिने घोषणा पनि ट्रम्पले गरिसकेका छन्। उनको यो डिफण्डिङ्ग नीतिले बिश्वका कतिपय ठूल्ठूला संस्थाहरु पनि अप्रभावित भएर रहन सक्ने छैनन्। बिश्वको यस्तो परिदृष्यले बिद्यमा पूँजीवादी चूसाहा ब्यवस्था गहिरो संकटमा छ र यसले बिश्व मानब समाजले बेहोरिइरहेका समस्याहरुको दीर्घकालीन र सुनिश्चित समाधान दिन सक्तैन भन्ने कुराकै पुष्टी र पनर्पुष्टी गर्दछ। यसले बिश्वको अग्रगामी दिशा नै अबको एकमात्र बिकल्प हो भन्ने कुराकै पुनर्पुष्टी गर्दछ। बन्नथालेको बहुध्रुबीय बिश्व, दक्षिण-दक्षिण सहयोग र बद्लिदो बिश्व समीकरण जस्ता विकसित भइरहेका संरचनाले पनि त्यसै दिशातर्फ संकेत गर्दछ। **(लेखक : नेकपाका संयोजक हुनुहुन्छ )**

## बिश्वमा..

मा मनाइने विश्व खाद्य दिवसको अवसरमा दिइएको सन्देशमा महासचिव गुटेरेसले ८० बर्षअघि संसारका मुलुकहरु भोकमरी अन्त्यगर्न एकजुट भएका थिए र त्यसयता खाद्य सुरक्षामा ठूलो प्रगति भएको छ। तर पछिल्ला संकटहरुले यदि हामीले सावधानी नअपनाएसम्म यी उपलब्धिहरु टिकाउ हुननसक्ने देखाएको छ भन्नुभएको थियो। उहाँले हालका दशकहरुमा मोटोपनको समस्या, जलवायु परिवर्तन र द्वन्दग्रस्त क्षेत्रहरुमा भोकलाई हतियारकारुपमा प्रयोगगर्ने जस्ता नयाँ चुनौतीहरु देखापरेका छन्। यो अत्यन्त लज्जास्पद यथार्थ हो र आज पनि युद्ध र द्वन्दको पीडामा परेका मानिसहरुलाई भोकै राखिएको छ, र कतै कतै दुर्भिक्षको स्थिति समेत देखिएको बताउनु भएको थियो। उहाँको भनाईमा भोकमरी अन्त्यगर्न हामीसँग आवश्यक श्रोत, सीप र प्रविधि छन्। अब हामीलाई चाहिएको कुरा एकता र सहकार्य हो भन्ने थियो। गुटेरेसले विश्व समुदायलाई फेरि एकपटक एकजुट भई यस्तो खाद्य प्रणाली निर्माणगर्न आहवान गर्नुभएको थियो। दोश्रो विश्वयुद्धको विनाशपछि, सन् १९४५ को अक्टोबर १६ मा राष्ट्रसंघको खाद्य तथा कृषि संगठन (एफएओ) स्थापना गरिएको थियो। त्यसैको सम्झनामा सन् १९७९ देखि हरेक बर्ष अक्टोबर १६ लाई विश्व खाद्य दिवसकारुपमा मनाइँदै आएको हो। यस दिवसले सबैका लागि स्वस्थ, विविधतायुक्त, सस्तो र सुरक्षित खाना सुनिश्चित गर्नुपर्ने आवश्यकताबारे चेतना फैलाउने उद्देश्य राख्छ। यता, विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) ले गतसाता सार्वजनिक गरेको प्रतिवेदन अनुसार, खाद्य सहायता बजेटमा भारी कटौतीका कारण एक करोड ३७ लाखभन्दा बढी व्यक्तिहरु गम्भीर भोकमरीको स्थितिमा पुग्न सक्ने चेतावनी दिएको छ। त्यसैगरी विश्वका ८० प्रतिशत गरिब मानिसहरु जलवायु परिवर्तनका कारण उत्पन्न हुने प्राकृतिक विपद्बाट प्रत्यक्षरुपमा प्रभावित छन्। यसले उनीहरुको जीवनमा गहिरो असमानता ल्याएको छ, जसले गरिबी र जलवायु संकटलाई थप जटिल बनाएको छ। संयुक्त राष्ट्र विकास कार्यक्रम (राष्ट्रसंघडीपी) का कार्यवाहक प्रशासक होलिआङ ह्गले कोही पनि बढ्दो र शक्तिशाली जलवायु परिवर्तनका प्रभावहरु जस्तै सुखा, बाढी, गर्मीको लहर र प्रदूषणबाट सुरक्षित छैन, तर सबैभन्दा ठूलो असर गरिबीका शिकारमाथि नै परेको छ भन्नुभएको छ। उहाँले कोप-३० सम्मेलन, जुन नोभेम्बरमा ब्राजिलमा हुँदैछ, यो विश्व नेताहरुको लागि यो क्षण होकि जलवायु क्रियावलीलाई गरिबीको विरुद्धको कदमको रुपमा हेरियोस् भन्नुभएको छ। संयुक्त राष्टसंघ र मानव विकास पहलले प्रकाशित गरेको वार्षिक अध्ययनअनुसार, १.१ अर्ब मानिस गम्भीर बहुआयामी गरिबीको स्थितिमा रहेका छन्। जुन जनसंख्यामा शिशु मृत्यु दर, आवास, सरसफाइ, बिजुली र शिक्षा जस्ता आधारभूत सेवाहरुको पहुँचको अभावले उनीहरुको जीवनस्तरलाई घटाएको छ। प्रतिवेदनमा गुआरानी आदिवासी समुदायका सदस्य रिकार्डोको उदाहरण दिइएको छ, जो बोलिवियाको सान्ता क्रुज देला सिएरामा बसोबासगर्दै छन्। दक्षिण सहारा अफ्रिका र दक्षिण एशियाजस्ता क्षेत्रहरु विशेष गरी यस्तो गरिबीबाट प्रभावित छन् र यी क्षेत्रहरु जलवायु परिवर्तनको प्रभावमा अत्यधिक संवेदनशील छन्। रिपोर्टले गरिबी र जलवायु संकटको सम्बन्धलाई स्पष्टरुपमा देखाएको छ। गरिब परिवारहरु प्रायः कृषि र अनौपचारिक श्रमिक जस्ता अत्यन्त संवेदनशील क्षेत्रमा निर्भर छन्, जसलेगर्दा उनीहरु जलवायु संकटको प्रभावबाट विशेषरुपमा प्रभावित हुने छन्। प्रतिवेदनमा जब बिभिन्न आपदाहरु एकैपटक वा बारम्बार आउँछन्, तिनीहरुले पहिलेको समस्याहरुलाई अझ जटिल बनाउँछन् भनिएको छ। सो प्रतिवेदनमा गरिबी र जलवायु संकट सँगसँगै बढिरहेका छन् र यो एक वैश्विक चुनौती बनिसकेको उल्लेख छ। यो अवस्थाले विकासका प्रयास हरुलाई खतरा पुर्‍याएको छ। दक्षिण एशियामा गरिबी विरुद्धको लडाइँमा प्रगति भएपनि यसका ९९.१ प्रतिशत गरिब मानिस कम्तिमा एक जलवायु जोखिमको सामना गरिरहेका छन्। प्रतिवेदनमा यस क्षेत्रले फेरि नयाँ मार्ग बनाउनुपर्छ, जसले गरिबी न्यूनीकरण र नवप्रवर्तनात्मक जलवायु क्रियावली बीच सन्तुलन कायम राख्छ भनिएको छ। पृथ्वीको सतहको तापक्रम तीव्र गतिमा बढ्दैगइरहेको छ र यसले आगामी दिनहरुमा स्थिति अझ जटिल बनाउन सक्नेछ। विज्ञहरुले आजका गरिब देशहरु सबैभन्दा बढी प्रभावित हुने चेतावनी दिएका छन्। यसरी बिश्वका बिभिन्न गतिबिधिको अध्ययन र निगरानी गरिरहेको राष्ट्रसंघले बिश्वको अवस्था बिकराल बन्दैगएको देखाएको छ। जुन आजका सन्दर्भमा सबैका लागि बिचारणिय बिषय भएको छ।

## नेपालका....

खोलानाला नभएको होइन, थुप्रै छ। तर, सुकिलामुकिला र शिक्षित जमातले ती खोलानाला दुर्गन्धित बनाएका छन्। खोलानाला मिचेर घर बनाइएको छ। अनि कहाँबाट आउँछ पानी ? जहाँ पानीकोसमेत अन्य जिल्लाका जनताले आफ्नो खेत बाँझो राखेर पठाइदिनुपर्छ, त्यहाँका जनताले घमण्ड नगर्दापनि हुन्छ। काठमाडौंबासीले दुईटा कुरा जानेका छन्-ठग्न र सुतिसुति खान। पाँचहजार नजाने कोठालाई २५ हजारमा लगाएका छन्। सटर लाखौंमा बेचेका छन्। एकातिर भाडामा बस्नेलाई ठग्ने, अर्कोतिर राज्यलाई कर नतिर्ने। अर्कालाई दलाएर खानबाहेक उनीहरुले केही जानेका छैनन्। जसले ठगेर कमाएको छ, उसले घमण्डगर्नुको कुनै औचित्य छैन। अर्काले तपाईं भनोस् कि नभनोस् यहाँका मान्छे आफैं मपाई भन्छन्। देशमा लोकतन्त्र गणतन्त्र आएको डेढ दशक भयो। तर, अहिले यी तीन जिल्लाबाट प्रधानमन्त्री भएका छैनन्। कारण हो-व्यक्तिगत स्वार्थमा रमाउनु र सार्वजनिक काम नगर्नु। उपत्यकाका घरधनीलाई धनी बनाइदिने बाहिरी जिल्लाका मान्छे हुन्। उनीहरुले खाईनखाई घर भाडा तिरीदिएका छन्, त्यसैले घरधनीले खान पाएका छन्। नत्र यिनका व्यापार-व्यवसाय, जागिर के छ ? आम्दानीको एउटै माध्यम घरभाडा न हो। अनि उनीहरु त्यहीं डेरावाललाई हेप्छन्। बाहिरी जिल्लाका नागरिकलाई सुकुम्बासी ठान्छन्। काठमाडौं उपत्यकामा बनेका घरहरु प्रायः एकअर्कासँग टाँसिएका छन्। खाली जग्गा छोडिएकै छैन। केही कारणबस् भूकम्प आयो भने भागेर जाने ठाउँसम्म छैन। घरहरु मात्र नामको मात्र छ। न भित्र ढंगको कोठा छ न खाली ठाउँ। पूजा गर्नसमेत फुटपाथमा आउनुपर्छ। जग्गाचाँहि छैन तर घरचाँहि अग्लो बनाइएको छ। झिलीमिली हाल्ने क्रममा हालै एक जनाको छतबाट खसेर मृत्युभएको छ। अर्कोतर्फ यसले सवारी दुर्घटनाको जोखिम पनि बढाएको छ। सवारी चालकको आँखा बत्तीतिर गएमा त्यसले सवारी दुर्घटना हुन्छ, कसैको ज्यान जान सक्छ। तर, स्थानीय पालिकाले यस्ता विषयमा ध्यान दिएको पाइएन। झिलीमिली कहाँ र कस्ता घरमा हाल्ने ? स्थानीय पालिका केही बोलेको छैन। कानून भन्छ-फुटपाथ अवरोधगर्न पाइँदैन। फुटपाथमा पूजागर्न, पसल राख्न र सवारी साधन पार्किङगर्न पाइँदैन। तर, घरधनीहरुले कानूनको अवज्ञा गरे। उनीहरुलाई कारवाहीगर्ने कि नगर्ने ? पैदलयात्री सडकबाट हिंड्दा दुर्घटना भएको भए कसले जिम्मा लिन्थ्यो ? घरधनीले लिनुपर्थ्यो। किनकि, त्यसमा सवारी चालकको भन्दा पनि घरधनीहरु बढी कसुरवार हुन्थें। उनीहरुको कारणले फुटपाथबाट हिंड्नेहरु सडकबाट हिंड्न बाध्यभएका थिए। सरकारी अधिकारहिरु फुटपाथ अवरोध गर्नेलाई कारवाहीगर्न निर्देशन दिँदैनन्। उपत्यकाका स्थानीय पालिकाहरु फुटपाथ कब्जाहुँदा आँखा चिम्लेर बस्छन्। जसले पैदलयात्रीलाई समस्या भएको छभने फुटपाथ कब्जा गर्नेहरुको मनोबल बढेको छ। सुशीला कार्की नेतृत्वको सरकार बनेको एक महिना बितिसकेको छ। तर, यस सरकारको पनि खासै सम्झनलायक काम छैन। कार्की सरकारलाई काम भन्दापनि मिडियाबाजी गर्दैमा ठीक्क छ। यहाँ सरकार पनि त्यस्तै, जनता पनि त्यस्तै। सरकार ऐनकानून कार्यान्वयनगर्न नसक्ने, जनता ऐनकानून मान्दै नमान्ने। फुटपाथबाट हिंड्न पाउने अधिकार जनतालाई छ। यदि कसैले फुटपाथ अवरोध गर्छ भने नियामक निकायमा उजुरी गरौं। आफ्नो अधिकार मिच्नेलाई कानूनको दायरामा ल्याउनुपर्छ भन्ने सोचौं।

## आजका..

एमालेको सरकार आएपनि केही फरक पर्दैन। हिजो माओवादी केन्द्रका अध्यक्षको नेतृत्वमा साना दलजति सत्तामा र ठूला दल जति सडकमा हुँदापनि केही फरक परेको थिएन। त्यसैले अब नेपालको देशभक्त शक्तिले डिप स्टेटको नेपाल नीतिलाई बुझेर त्यसको ठीक बिपरित अगाडि बढ्न सक्नुपर्ने भएको छ। जसका लागि राष्ट्रिय एकता र सहमतीय राजनीतिको आवश्यकता पर्दछ। त्यसको स्थापनाका लागि बृहत गोलमेच सम्मेलन र त्यसले निर्धारण गरेको राजनीतिक व्यवस्था अपनाउन सबै पक्ष तयार हुनुपर्दछ।

## नेपाल....

पिलर उठाउन थालिसकेको बताइएको छ। कामको तीव्र हेर्दा आगामी १५ गतेसम्म मितेरीपुल सञ्चालनमा आउनसक्ने आफ्नो स्थलगत निरीक्षणले आँकलन गरेको बताउँदै रसुवाका प्रमुख जिल्ला अधिकारी राजेश पन्थीले यस सम्बन्धमा सीमाक्षेत्रका समकक्षी चिनियाँ मित्रहरुले सञ्चालनको कुनै आधिकारीक जानकारी नदिएको बताउनुभएको छ। बेलिब्रिजको बीचमा पिल्लर राखी थप मजबुत बनाउने काम अगाडि बढेको देखेपछि व्यापार व्यवसाय सहज हुनेमा आफूहरु आशावादी रहेको व्यवसायीहरुले बताएका छन्। पुल निर्माण हुँदासाथ माल सामग्री आयात हुने भएका कारण आयातित माल सामग्रीको छिटोछरितो भन्सार प्रक्रिया पूरा गराउन आफ्ना कर्मचारी तयारी रहेको प्रमुख भन्सार अधिकृत तुलसीप्रसाद भट्टराईको भनाई छ।

## सहयोगको....

निर्मोहीले विगत छ महिनादेखि उपचारमै छु, तर आर्थिक अभावले उपचार निरन्तरता दिन सकिरहेका छैन। जीवनभर म बोलिरहें, अब सबै मौन छन्, मलाई सबैको माया चाहियो, जीवनका यी अन्तिम क्षणमा उपचारका लागि सहयोगको हात बढोस् भन्नुभएको छ। उहाँको परिवारले सम्भव सबै प्रयास गर्‍यो, तर अब खर्च धान्नसक्ने स्थिति छैन। नेपालगञ्जस्थित भेरी अस्पतालमा हप्तामा दुई पटक उहाँले डायलाईसिस गर्दै आउनुभएको छ। कलाकार निर्मोहीले आफ्ना साथी, शुभेच्छुक र देशभरका कलाकार, स्रोता र दाताहरुसँग सहयोगको आग्रह गर्नुभयो। दाङको तत्कालीन फूलबारी गाउँपालिकामा जन्मिएका निर्मोही हाल नेपालगञ्जमा बस्दै आउनुभएको छ। बागेश्वरी असल शासन क्लबका निर्देशक नमस्कार शाहले कलाकार निर्मोहीको योगदानको कदरगर्दै निर्मोहीलाई सम्झने वातावरण बनाउनेदेखि उपचारमा सहयोग जुटाउने प्रयासमा आफूहरु लागिपरेको बताउनुभएको छ।

## सूचना केन्द्रको स्थापना

काठमाडौं। काभ्रेपलाञ्चोकको धुलिखेलस्थित काठमाडौं विश्व विद्यालयमा सूचना प्रविधि केन्द्र स्थापना गरिएको छ। केन्द्र नेपालको अनुसन्धान, नवप्रवर्तन र डिजिटल स्थायित्व प्रवर्द्धन गर्ने अपेक्षा लिइएको छ। विश्वविद्यालयले उक्त केन्द्रसँगै मोबाइल एप केयु-कनेक्टसमेत सञ्चालनमा ल्याएको छ। उक्त केन्द्रमा जटिल अनुसन्धानका लागि सुपरकम्प्युटिङ क्लस्टर सञ्चालनगर्न, राष्ट्रिय एआई नीति कार्यान्वयन, स्थानीय डेटा प्रयोग गरेर अनुसन्धान र नैतिक रुपरेखा विकासगर्न तथा भूकम्प, महामारी, बाढीजस्ता आपतकालीन अवस्थामा सहयोग-प्रणाली विकासगर्ने विश्व विद्यालयका उपकुलपति प्राडा अच्युत वाग्लेले जानकारी दिनुभयो। उहाँका अनुसार विश्वविद्यालयले स्थापना गरेको मोबाइल एप केयु कनेक्टले विद्यार्थीलाई शैक्षिक, प्रशासनिक र क्याम्पससम्बन्धी जानकारीमा सहज पहुँच प्रदानगर्ने छ। यस्तै विश्वविद्यालयको मोबाइल एपमा विद्यार्थी प्रोफाइल व्यवस्थापन, सूचना र सूचनापत्रमा तत्कालै पहुँच पुग्नुका साथै विश्वविद्यालयका समाचार, परीक्षा परिणाम तथा कार्यक्रम, पठनपाठन सम्बन्धी विवरण, कोर्स सूची, शुल्क विवरण, भुक्तानी रेकर्ड, प्रमाणपत्र तथा प्रतिलिपि अनुरोधलगायतका सेवा उपलब्ध गराइएको छ।